## नक्सा सच्याउन माग

काठमाडौं । नेकपा क्रान्तिकारी माओवादीको 'देशभक्त गणतान्त्रिक मोर्चा' द्वारा काठमाडौंमा 'राष्ट्रिय स्वाधीनता र नेपालको वास्तविक नक्सा प्रयोगको प्रश्न' विषयमा संवाद कार्यक्रम भएको थियो । मोर्चाका जिल्ला अध्यक्ष खगेन्द्र छन्त्यालको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख आतिथ्य नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणले गर्नुभएको थियो । विशेष अतिथिमा मोर्चाका अध्यक्ष सीपी गजुरेल हुनुहुन्थ्यो । सम्पूर्ण राजनीतिक पार्टीका जिल्ला नेतृत्वलाई आमन्त्रण बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## बन्दको प्रभाव आंशिक

काठमाडौं । नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेकपाले आफ्नो पार्टीमाथि सरकारले लगाएको प्रतिबन्धको विरोधमा हिजो गरेको बन्दका कारण देशभरको जनजीवन आंशिक रुपमा मात्र प्रभावित भयो ।

काठमाडौं उपत्यका लगायत देशभरका शैक्षिक संस्थाहरुमा भने बन्दको त्रासले विद्यालयहरु खुलेनन् । बन्दकर्ता कहीँ पनि सडकमा देखिएका थिएनन् । ठाउँ-ठाउँमा भेटिएका शंकास्पद वस्तुले जनतामा त्रास पैदा गराएको छ ।

काठमाडौं उपत्यकामा बिहानैबाट निजी सवारी साधन निर्वाध चलिरहेका छन् । बाँकी ८ पेजमा

वर्ष ७ अंक ४६, २०७५ साल चैत १ गते शुक्रबार, नेपाल संवत् ११३९ (March 15, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# अलगाववादी जत्था कि राजनीतिक शक्ति ?

काठमाडौं । स्वतन्त्र मधेस राज्यको माग राख्दै तराईमा पृथकतावादी आन्दोलन गर्दै आइरहेको चन्द्रकान्त (सिके) राउत नेतृत्वको स्वतन्त्र मधेस गठबन्धन र सरकारबीच भएको ११ बुँदे सहमतिले नेपाली राजनीतिलाई तरंगित बनाएको छ । सहमतिमा गठबन्धनले हिंसात्मक गतिविधि त्यागेर नेपालको स्वतन्त्रता र अखण्डतालाई स्वीकार गरी शान्तिपूर्ण राजनीतिमा समाहित हुने उल्लेख छ । तर सिके राउतले सम्बोधनको क्रममा नेपाललाई सार्वभौम सत्ता सम्पन्न र अखण्ड मुलुक भन्न नसक्नुले उनले छलछामको रणनीति अख्तियार गरेको त होइन भन्ने प्रश्न खडा भएको छ ।

सरकार र सिकेबीचको सहमतिप्रति सत्तारुढ दल नेकपाभित्रै तीव्र असन्तुष्टि देखिएको छ । मुख्य विपक्षी दल नेपाली कांग्रेसले सहमति राष्ट्रघाती भएको आरोप लगाएको छ । मधेसवादी दल राष्ट्रिय जनता पार्टीले राउतलाई महत्व दिएकोमा असन्तुष्टि जनाएको छ । यता सरकार भने राउतलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन सफलता पाएको भन्दै ठूलै युद्ध जितेको मानसिकतामा देखिएको छ ।

सर्वोच्च अदालतले गत साता राउतलाई छोडे लगत्तै राउत र सराकरबीच अप्रत्यासित रुपमा सहमति हुनुलाई धेरैले आश्चर्यजनक रुपमा लिएका छन् । सरकार र राउतबीचको सहमतिले कार्यपालिका र न्यायपालिकाबीचको सम्बन्ध र शक्ति सन्तुलनमाथि पनि विभिन्न कोणबाट टिकाटिप्पणी



सुरु हुन पुगेको छ । यद्यपि राउतले पृथकतावादी आन्दोलन त्याग गरी राजनीतिको मूल प्रवाहमा आउने गरी गरेको सहमतिलाई सकारात्मक रुपमा लिन सकिन्छ । तर सहमतिपछि राउतले व्यक्त गरेको विचारलाई विश्लेषण गर्दा उनी वास्तविक रुपमा राजनीतिको मूल प्रवाहमा आउन कठिन हुन सक्ने आशंका राजनीतिक विश्लेषकले गरेका छन् ।

राउतले मधेसमा जनमतसंग्रह गराउन राज्य पक्ष सहमत भएको दाबी गरेका छन् । उनले स्वतन्त्र मधेसको मुद्दामा सरकारले जनमत संग्रह गराउने सहमति जनाएको आफ्नो फेसबुक स्टाटसमा लेखेका छन् । नेपाल सरकार र स्वतन्त्र मधेस गठबन्धनसँग भएको वार्तामा नेपाल सरकार मधेसको माग जनअभिमतमा आधारित लोकतान्त्रिक विधि (जनमतसंग्रह) को मार्फत पूरा गर्ने प्रतिबद्धता जनाएको छ । उनले स्टाटसमा खुलाएका छन् ।

सरकार र राउतबीच भएको सहमति पत्रमा गठबन्धनका नेता तथा कार्यकर्तामाथि लगाइएको राज्य विरुद्धको अपराध लगायत सम्पूर्ण राजनीतिक मुद्दा फिर्ता लिने तथा पक्राउ परेकालाई निःशर्त रिहा गरिने उल्लेख छ । यस अघिका गतिविधिलाई लिएर गठबन्धनका नेता कार्यकर्ता विरुद्ध कुनै प्रकारका मुद्दा नलगाउने, आन्दोलनका क्रममा घाइतेको उपचारको जिम्मा सरकारले लिने, तराई मधेस लगायत देशका कतिपय स्थानमा रहेका असन्तुष्टिलाई जनअभिमतमा आधारित लोकतान्त्रिक विधिबाट समाधान गर्ने, प्रहरी हिरासतमा मृत्यु भएका गठबन्धनका बाँके जिल्ला संयोजक राममनोहर यादवको परिवारलाई राज्यले क्षतिपूर्ति उपलब्ध गराउने र उनको परिवारका एक सदस्यलाई रोजगारीको व्यवस्था गरिने, संविधान प्रदत्त संघसस्था वा पार्टी खोल्न वा संगठित भएर मूलधारका राजनीति गर्न गठबन्धनका नेता तथा कार्यकर्तालाई कुनै अवरोध खडा नगरिने र त्यस्ता क्रियाकलाप गरेबापत राज्यद्वारा कुनै प्रकारको कारबाही नगरिने लगायत छन् ।

११ बुँदे सहमतिको बुँदा नं. २ मा उल्लेख छ । हामी आफ्ना राजनीतिक, सामाजिक र आर्थिक लगायतका उद्देश्य प्राप्तिका निम्ति शान्तिपूर्ण एवं लोकतान्त्रिक बाटोबाट अघि बढ्नुपर्छ भन्ने मान्यतामा दृढ छौं । नेपालको संविधानमा प्रयुक्त जनतामा निहित सार्वभौम बाँकी ८ पेजमा

## कोरियाले बढायो कामदार कोटा

काठमाडौं । दक्षिण कोरियाले सन् २०१९ मा १० हजार नेपाली कामदार लैजाने भएको छ । गत वर्षको तुलनामा यस वर्ष झण्डै दुई हजार बढी नेपाली कामदार लैजाने लागिएको हो । वैदेशिक रोजगार ईपीएस कोरिया शाखाका अनुसार सन् २०१८ मा आठ हजार पाँच सय ११ जना कामदार कोरिया गइसकेका छन् । उत्पादनमूलक क्षेत्रतर्फ सात हजार ५० र कृषि तथा पशुपालनतर्फ तीन हजार कामदार लैजाने ईपीएस शाखा कार्यालयले जनाएको छ ।

शाखा प्रमुख कृष्ण खनालका अनुसार नेपालको सिस्टम राम्रो भएकाले र कामदार अन्य देशका तुलनामा बढी मन पराइएकाले कोटा बढेको हो । तर भाषा उत्तीर्ण गरेका सबै नेपाली कोरिया जान पाउँदैनन् । कोरियाले बाँकी ८ पेजमा

## फेसबुकमा समस्या

काठमाडौं । फेसबुकका सेवाहरूमा विश्वभर अवरोधहरु देखा परेका छन्। ती खराबी फेसबुकले हालसम्म बेहोरेको मध्येकै सबभन्दा खराब रहेको बीबीसीले जनाएको छ । नेपाली समय अनुसार बुधवार राति १० बजे आसपासबाट त्यस्तो समस्या देखिन थालेको बताइएको छ ।

फेसबुक बाहेक म्यासेन्जर र इन्स्टाग्राममा समेत अवरोधहरु देखिएका थिए जसको कारण भने अहिलेसम्म केही सार्वजनिक गरिएको छैन । फेसबुक खुले पनि त्यसमा सामग्रीहरु प्रकाशित हुन सकेका छैनन् । म्यासेन्जरको मोबाइल एपले कतै कतै काम गरेको छ तर उसको डेस्कटप संस्करणमा भने समस्या देखिएको छ । तर, भने ह्वाट्सएपमा यसको असर देखिएको छैन ।

फेसबुकका विभिन्न एपहरूमा कतिपय मानिसले पहुँच पाउन नसकिरहेको बारे आफूहरुले जानकारी पाएको र उक्त समस्या छिटै समाधान गर्न प्रयास गरिरहेका फेसबुकले एक विज्ञप्तिमार्फत जनाएको छ ।

अन्य सामाजिक सञ्जालहरूमा फैलिएको हल्ला गलत भएको भन्दै डिडिओएस नामक एक किसिमको साइबर बाँकी ८ पेजमा

## निषेधको राजनीति

काठमाडौं । नेपालको संविधानमा राजनीतिक दलमाथि प्रतिबन्ध लगाउने व्यवस्था छैन । यद्यपि सरकारले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका गतिविधिमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको छ । यो सरकारी निर्णयलाई कानुनका ज्ञाताहरुले असंवैधानिक कदमको संज्ञा दिएका छन् । राजनीति गर्न नपाउने, दल खोल्न नपाउने सरकारी प्रतिगामी खेलको कडा प्रतिवाद गर्ने चेतावनी विप्लव समूहले दिएको छ । आफूमाथि सरकार खरो रुपमा खनिएपछि विप्लव समूहले त्यसको प्रतिकार स्वरुप हिजो नेपाल बन्द गरेको थियो ।

नेकपाका गतिविधिमाथि प्रतिबन्ध लगाउने सरकारी निर्णयलाई लिएर सत्तारुढ दल नेकपाको शीर्ष तहमै व्यापक असन्तुष्टि देखिएको छ । वरिष्ठ नेता माधवकुमार नेपाल, झलनाथ



खनाल, वामदेव गौतम र नारायणकाजी श्रेष्ठले राजनीतिक प्रतिबन्ध लगाउने सरकारी निर्णयको विरोध गरेका छन् । मन्त्रिपरिषद् बैठकमै विप्लव समूहका गतिविधिमाथि प्रतिबन्ध लगाउने विषयमा विवाद भएको समाचार समेत सार्वजनिक भएको छ । मन्त्रीहरु मातृका यादव, शक्ति बस्नेत, वर्षमान पुन र बिना बस्नेतले यस्तो निर्णय सरकारकै लागि आत्मघाती हुने तर्क गरेका थिए । तर उनीहरुको धारणा बाँकी ८ पेजमा

## दसगजामा भारतीय भन्सार

काठमाडौं । भारतले सीमा स्तम्भ मिच्ने र भत्काउने क्रम जारी राखेको छ । यसै सन्दर्भमा लहानदेखि १८ किलोमिटर दक्षिणतर्फ व्यापारिक नाका ठाडीसँग जोडिएको दसगजाभित्रै भारतीय पक्षले नियमविपरीत वर्षौंदेखि भन्सार कार्यालय सञ्चालन गर्दै आएको छ । यहाँ दसगजाभित्रै बस्ती बसाइएको छ ।

अन्तर्राष्ट्रिय कानुनअनुसार दसगजास्थित सीमाक्षेत्रमा दुवै देशले कुनै पनि भौतिक पूर्वाधार निर्माण, खेतीपाती तथा अन्य संरचना बनाउन पाइँदैन । दसगजालगत्तै भारतको सिमाना सुरु भएको स्थानमा भारतीय पक्षले प्रवेशद्वार बनाएको छ । प्रवेशद्वार उत्तरतर्फ दसगजाको जग्गा खाली हुनुपर्नेमा त्यहीँ भन्सार कार्यालय र दुई दर्जन बस्ती छन् । बाँकी ८ पेजमा

## मालेको गम्भीर ध्यानाकर्षण



काठमाडौं । नेकपा (माले) स्थायी कमिटीको बैठकले नेपाल सरकार र सीके राउत समूहबीच भएको ११ बुँदे सहमतीप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै एक विज्ञप्ति प्रकाशित गरेको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

२०७५ फागुन २६ गते नेकपा (माले) स्थायी कमिटीको बैठक महासचिव क.सी.पी.मैनालीको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय, रातोपुल, काठमाडौंमा सम्पन्न भयो । बैठकले गरेका केही समसामयिक निर्णयहरूलाई यस प्रेस-विज्ञप्ति मार्फत् सार्वजनिक गरिन्छ । यही फागुन २४ गते नेपाल सरकार र राष्ट्रविखण्डन गर्ने घोषित उद्देश्य लिएर राष्ट्रघाती गतिविधिमा लिप्त सीके राउत समूहबीच भएको ११ बुँदे सहमतीले हाम्रो गम्भीर ध्यानाकर्षण गरेको छ । उक्त समूहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र अखण्डतालाई स्वीकार गरी आफूले अवलम्बन गर्दै आएको हिंसात्मक कार्यनीतिलाई परित्याग गरी राजनीतिक मूलधारमा आउने सतही सहमति गरेको भए तापनि उक्त दुई पक्षबीच भएको ११ बुँदे सहमतिको अध्ययन-विश्लेषण बाँकी ८ पेजमा

## हिउँले मरेका पशुको क्षतिपूर्ति खोई ?

काठमाडौं । फागुन महिनामा चर्को हिमपात भयो । काठमाडौं उपत्यकाका डाँडाकाँडा समेत सेताम्य भएका थिए भने हिमपातको प्रभाव मुलुकभर परेको थियो । हिमपातले उच्च पहाडी क्षेत्रमा माटोको चिस्यान बढाउने र बालीनाली राम्रो हुने भए तापनि लामो समयसम्म हिमपातले निरन्तरता पाएको र हिमपात भेडा चौंरी राख्ने खर्कहरुमा समेत अत्यधिक भएका कारण मुस्ताङ जिल्लाका किसानले पशु मरेपछि ठूलो क्षति व्यहोर्नु पऱ्यो ।

मुस्ताङको माथिल्लो भेग लोमान्थाङका किसानले पालेका भेडा, चौंरी ठूलो संख्यामा मरेका छन् । हिउँका कारण चरन पुरिएपछि भोकभोकै परेका पशु १४ सयभन्दा बढी संख्यामा मरेका छन् । यत्रो ठूलो संख्यामा किसानको क्षति हुँदा पनि सरकारको कृषि मन्त्रालय र मन्त्रीसमेत चुप लागेर बसेका छन् । किसानको बाँकी ८ पेजमा

समय-सन्दर्भ

## जीएमआरको म्याद नथपियोस्

भरतबहादुर शाही

नेपालको मुख्य प्राकृतिक स्रोत नै पानी हो । देशले त्यो पानीलाई बहुआयामिक रुपमा उपयोग गरेर नै देशको चौतर्फी विकासको जग बसाल्नुपर्छ । देशको समग्र विकासका लागि विद्युत् ऊर्जाशक्ति चाहिन्छ । यसमा कोही अनभिज्ञ छैनौं । त्यसैले आजको अवस्थामा हाम्रो आफ्नै लगानीमा चार हजार मेगावाट ऊर्जाशक्ति उत्पादन हुन सक्ने भनेको एक मात्र आयोजना माथिल्लो कर्णाली नै हो । बिजुली, पर्यटन, यातायात, उद्योग, सिंचाइ, पिउने पानी, जलयात्रा, मत्स्यपालन लगायत थुप्रै सम्भावना बोकेको सस्तो, सुलभ र सुन्दर प्रकृतिप्रदत्त उपहारस्वरुप नेपाललाई प्राप्त करिब तीन रुपैयाँ प्रतियुनिटमा उत्पादन हुन सक्ने बहुआयामिक जलाशययुक्त ४१८० मेगावाट उत्पादन क्षमताको यो आयोजनाको १५० मिटर अग्लो प्राकृतिक बनावटको बाँधसहितको जम्मा २२० मिटर मुख्य सुरुङ (एचआरटी) रहेको छ । परियोजनाको बाँधस्थलसम्मै कर्णाली लोकमार्ग र पूर्वपश्चिम पुष्पलाल लोकमार्ग पुगिसकेकाले परियोजनाले छुट्टै बाटो बनाउनुपर्ने अवस्था छैन । परियोजनाको पावरहाउस साइटमा पनि कर्णाली चिसापानी, कुइने जामु हुँदै जङगलेघाटसम्म बाटो पुगिसकेकाले यति ठूलो परियोजना निर्माण गर्दा बाटो खन्नु नपर्ने र पहिले नै बनिबनाइ अवस्थामा रहेको यो परियोजना सस्तो हुनुको महत्वपूर्ण पक्ष यो पनि रहेको छ ।

देश विकास र समद्धिका लागि गुरुयोजना बन्न सक्ने बहुचर्चित माथिल्लो कर्णाली जलविद्युत परियोजना सिंगो देशको गौरव हो । विगत ११ वर्षअघि (२०६४ माघ १०) गते तत्कालीन गिरिजाप्रसाद कोइराला सरकारले गैरकानुनी एवं गैरसंवैधानिक रुपमा रन अफ रिभर प्रकृतिको ३०० मेगावाट विद्युत् उत्पादन गर्न चामुण्डा बिन्द्राशैनी-७ औलाडाणियाँमा बाँध र अछाम जिल्लाको भैरवस्थानको बोल्देमा पावरहाउस रहने गरी भारतीय बहुराष्ट्रिय कम्पनी जीएमआरबाट १२ प्रतिशत अर्थात् ३६ मेगावाट विद्युत् ऊर्जा र २७ प्रतिशत फ्रि इक्विटी सेयर पाउने नाममा कर्णालीको अति सस्तो विद्युत् ऊर्जाबाट कर्णालीबासी र सिंगो देश अन्धकारमा राखी उत्पादित विद्युत भारत निर्यात हुने र नेपालले पाउने ३६ मेगावाट पनि भारतबाट अन्तर्देशीय विद्युत् प्रसारण लाइनबाट नेपालले ल्याउनुपर्ने गरी पहिलो पटक राष्ट्र अहितको समझदारी पत्रमा हस्ताक्षर भएको थियो । दोस्रो पटक जीएमआरले ठूलो आर्थिक चलखेल वा अन्य प्रभावमा पारी २०६६ पुस ९ गते गिरिजाप्रसाद कोइराला सरकारकै पालामा औलाडाणियाँ बाँधलाई स्थानान्तरण गरी करिब दुई किलोमिटर माथि ४१८० मेगावाटको जलाशययुक्त परियोजनाको बाँधको उत्कृष्ट भूगोल रहेको ठाँटीकाँध गाउँपालिका १ डाबटुविनकुनामा बाँध निर्माणको अनुमति दिएर बहुचर्चित ४१८० मेगावाटको परियोजनाको भ्रुण हत्या गर्ने दुष्प्रयास गरियो । यो नै देशको ठूलो दुर्भाग्य बन्यो ।

जीएमआरबाट पिकआवर मोडेलमा १८-२१ घन्टा नदीको पानी थुन्ने र तीन घन्टा पानी छोड्ने गरी क्षमता अभिवृद्धिको नौटंकी रचियो र देशलाई गुमराहमा पार्दै ९०० मेगावाटको १२ प्रतिशतले नेपालले सित्तैमा बिना लगानी १०८ मेगावाट ऊर्जा र २७ प्रतिशत फ्रि इक्विटी सेयर पाउने भनेर अपवाह फैलाइयो, जुन सरासर गलत र भ्रम मात्र भएको बाँकी ८ पेजमा

## शेयरमा लगानी सीमा बढाइयो

काठमाडौं । बीमा कम्पनीले सूचिकृत कम्पनीको साधारण शेयर र घरजग्गामा लगानी गर्न पाउने गरी बीमकको लगानी निर्देशिका संशोधन भएको छ । बीमा समितिले संशोधन गरी बुधबार जारी गरेको लगानी निर्देशिका २०७५ अन्तर्गत आफ्नो कुल टेक्निकल रिजर्भको ५ प्रतिशत घरजग्गा व्यवसायमा लगानी गर्न सकिने व्यवस्था गरेको हो ।

बीमा समितिले जीवन बीमा, निर्जीवन बीमा र पुनर्बीमा कम्पनीका लागि एउटै लगानी निर्देशिका जारी गरेको हो । अलग अलग समुहको लागि समितिले टेक्निकल रिजर्भको गणना मापदण्ड समेत अलग अलग निर्धारण गरिएको छ ।

बीमा कम्पनीहरुले धितोपत्र बोर्डबाट इजाजत प्राप्त विनिमय बजारमा सूचिकृत पब्लिक लिमिटेड कम्पनीहरुको साधारण शेयरमा १० प्रतिशतसम्म बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# नेता जति सबै महान अनि देश चाहिँ चिहान ?

सुरेन्द्र ढकाल



देशको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल खाडीबाट दिनहुँ आउने कुहिएको लासले डुङडुङ गनाइरहेछ । विदेशमा गएर फोहोर, कठिन र खतरनाक काम गरी स्वदेशमा हुण्डिमार्फत पैसा पठाउने ४० लाखभन्दा बढी युवाले खास अर्थ देश चलाइरहेका छन् । नेताहरु सबै नैतिक र आर्थिक भ्रष्टाचारले चुर्लुम्म डुबेका छन् । उनीहरु जति भ्रष्टाचार गरी मातृभूमि बलात्कार गर्छन् उति नै उनीहरु महामानव, सर्वोच्च नेता, जननेता, शिखरपुरुष, विकासको स्वप्न द्रष्टा आदि आदि विशेषणबाट सिगारिन्छन तर देश भने दिन परदिन चिहान बन्दै गइरहेको छ ।

अँध्यारोलाई छिचोल्न करोडौं तारा र ग्रह होइन, एउटै चन्द्रमा काफी छ भनेझैं एउटै लि क्वानले सिंगापुर, एउटै महाथिरले मलेसिया, माओले बनाएको जगमा एउटै तेङले महाशक्ति चीन बनाएको हामी गवार नेपालीहरुले नबुझेको होइन तर हामी बुझ पचाइर हेर्छौं अनि यसैकारण हाम्रो देश क्रमशः चिहानमा परिणत हुँदैछ ।

राष्ट्रनिर्माताको शालिक ढाल्ने, ग्रेटर नेपाल निर्माण गर्ने बहादुर शाहको गुणलाई नसम्झने, गुमेको मुलुक फिर्ता लिई जंगे पिलर खडा गर्दै त्यसको दिगो संरक्षण गर्न ऐतिहासिक रुपमा सफल जंगबहादुरलाई टुँडिखेलभित्र लगेर कैद गर्ने तर प्रजातन्त्रका लागि लडेका नेपाल आमाका चार सपूतहरुलाई ज्यान सजाय दिने लिखतमा हस्ताक्षर गर्ने व्यक्तिलाई राष्ट्रपिता बनाउने देश हो यो ।

क्रान्तिका नयाँ नयाँ लफ्फाजी प्रयोग गर्दै जनतालाई कहिले अन्त नहुने सशस्त्र आन्दोलन पालैपालो धकेल्ने अनि उनीहरुको लासलाई भऱ्याङ बनाइ सत्तामा उक्लेपछि आफैंहरु महासामन्त बनी त्यही जनतालाई शोषण गर्ने डांकाहरुको मुलुक हो यो । त्यसलै यो दिन परदिन चिहानमा परिणत हुँदै गइरहेको छ । दिनहुँ विदेशबाट आउने नेपाली युवायुवतीको लास, अन्तहीन आन्दोलनले बनाउने लास, सादा नेतालाई नदीमा खसालेर बन्न गएका लास, राष्ट्रप्रेमी राजाको परिवारलाई गोली हानी उडाएर बनेका लास, जनताका छोरीहरुलाई सुरक्षाका जिम्मा लिएका नाइके र तिनीहरुका आफन्तले बलात्कार गरी हत्या गर्ने परिपाटीले बनाउने लासहरु अनि त्यस लासका हत्याराहरु क्रमशः राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री बन्ने देश हो यो । अनि लास नगनाए के गनाउँछ यहाँ ?

आफ्नै देशमा आफ्नै शासकले जनता मारेको देखेर होला छिमेकीले पनि हाम्रो सीमाभित्र छिरी राष्ट्रप्रेमी नेपालीलाई गोली हानी लास बनाएका घटनाहरु बारम्बार देखिन्छन, सुनिन्छन । आफैंले मार्नु पर्नेमा विदेशी सेनाले आएर मारिदिएछ भनेर खुसी मनाउने सत्तासीनहरुको बोलवाला छ यहाँ ।

उत्तरको छिमेकी देशमा भ्रष्टाचारीहरुलाई लहरै उभ्याएर गोली ठोकिन्छ, त्यसैले होला उसले आफ्नो देशलाई स्वर्ग बनाउँदैछ तर हामीकहाँ भ्रष्टाचारीहरु मर्दा, जेलसजाय काटी कैदबाट मुक्त हुँदा फूलैफूलको सम्मानले छोपिन्छन् । त्यसैले हामी चिहान हुँदैछौं ।

भूकम्प, बाढी, पहिरो आगलागी अनि दुघर्टनाले बर्सेनि हजारौं निमुखा जनता लासमा परिणत हुन्छन् । उनीहरुले राज्यबाट केही पाउँदैनन् तर जब देशलाई चिहान बनाउँदै लग्ने राजनीतिक दलका नेता कार्यकर्ताहरु बिरामी पर्छन् वा मर्छन् अनि राष्ट्रको ढुकुटी उनीहरुको लागि ह्वाङ्गै खुल्छ । किनकी यहाँ नेता कार्यकर्ताहरु महान हुन्छन् अनि देश चाहिँ क्रमशः चिहान ।

## सम्पादकीय

# विवादित सम्झौताको तरङ्ग


यो साता सरकार र सीके राउतबीच भएको सम्झौता चर्चाको शिखरमा पुगेको छ । स्वतन्त्र मधेस भन्दै राष्ट्र विखण्डनको मुद्दा बोकेर हिंडेका सीके राउत देशको सार्वभौम सत्ता, राष्ट्रिय अखण्डतालाई स्वीकारेर मूल धारको राजनीतिमा आउन सहमत बन्नु राम्रो पक्ष भए तापनि सम्झौताले सँगसँगै प्रश्न र असन्तुष्टिका स्वरहरू जन्माएको छ । राष्ट्र द्रोहको एजेन्डा बोकेका राउत उनीप्रतिको सरकारको कठोर नीतिले गलेका हुन् या सरकारलाई घुमाउरो पारामा गलाएर आफ्नो विखण्डनकारी मुद्दा स्थापित गर्न सफल भएका हुन् । त्यसको उत्तर भविष्यमै पाइएला । यद्यपि उनले बुँदा नं. २ को जनअभिमतलाई जनमत संग्रहमा सहमति भएको भन्दै प्रेससमक्ष प्रतिक्रिया दिनु र उनका कार्यकर्ताले जनकपुरमा प्रदर्शन गरेको उत्ताउलोपना र पृथकतावादी नाराको रटानले राउत पुरानै अडानमा रहेको देखिन्छ ।

प्रधानमन्त्री केपी ओलीले राउतसँगको सम्झौतापछि मुलुकबाट पृथकतावादी सोचको अन्त्य भएको भनेर सरकारको विजयी भाव प्रस्तुत गरेका छन् । सम्झौताका प्रमुख आलोचकका रूपमा उभिएका प्रधानमन्त्रीकै पार्टीका नेता भीम रावल, नारायणकाजी श्रेष्ठ, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, युवानेता योगेश भट्टराई लगायतले सरकारलाई गल्ती गरेकोमा कडा चेतावनी दिएका छन् । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा लगायत नेताहरू, राप्रपा नेता कमल थापा, प्रकाशचन्द्र लोहनी लगायतले सम्झौताको कडा आलोचना गर्दै सरकारसमेत विखण्डनकारीको मतियार भएको भन्न बाँकी राखेका छैनन् ।

सीके राउत औपचारिक शिक्षाको हिसाबले पीएचडी गरेका व्यक्ति भए तापनि उनी राष्ट्रियता र देशभक्तिप्रतिको सोचमा सामान्य साक्षर व्यक्तिभन्दा कमजोर ठहरिए । उनले गरेका क्रियाकलाप नेपाल आमालाई गरेको गालीगलोज, सिधासाधा मधेसी जनतामा छरेको भ्रम हेर्ने हो भने उनलाई जन्मकैदको सजाय वा प्रहरी इन्काउन्टर हुनुपर्ने हो । तर जे गर्दा पनि छुट पाइने नेपालमा उनले उपद्रो मच्चाएको हुनाले उल्टै प्रधानमन्त्रीसँग एउटै मञ्चमा कुम जोडेर भाषण गर्न पाए । ठूलै पौरख गरेर विजयी बनेको सम्मान सरकार र उनका अनुयायीबाट समेत पाए । जो चोर उसकै ठूलो स्वरको उखान चरितार्थ बनाउने गरी उनी मिडियाका हट केक समेत बन्न पुगे ।

सीके राउतसँग जेसुकै सम्झौता भए पनि तत्काललाई उनी मूल धारको राजनीतिमा फिर्ने तरखरमा देखिन्छन् । डा.गोविन्द केसीसँग पटक पटक गरेका सम्झौता धोती लगाउने सरकारले सीके राउत जस्ता पृथकतावादीसँग गरेको सम्झौता कार्यान्वयन गर्ने हिम्मत कदापि गर्दैन । सरकारले सीके राउतकै अर्थमा सम्झौता गरेको भए पनि त्यो नेपाली जनताले सम्भव हुन दिने छैनन् । यसै सन्दर्भमा प्रधानमन्त्री केपी ओलीले जनमतसंग्रह लोकतन्त्रको उच्चतम बिन्दु भए पनि राष्ट्रियता, सार्वभौमिकता र स्वाधीनताका सम्बन्धमा जनमत संग्रहको कल्पना समेत गर्न नसकिने स्पष्ट पारेका छन् । प्रधानमन्त्रीको यो भनाइले स्वतन्त्र मधेस गठबन्धनको निष्कर्ष 'सरकार जनमत संग्रहमा राजी भयो' भन्ने कुरा गलत सावित गर्दछ । अब सीके राउत राष्ट्रिय राजनीतिमा सक्रिय हुने र आफ्नो अलगाववादी विचार परित्याग गर्ने आशा गर्न सकिन्छ । तर उनले आफ्ना कार्यकर्ताहरूलाई कसरी राष्ट्रिय राजनीतिक मूल धारमा समाहित गर्ने हुन्, हेर्न बाँकी नै छ ।

# स्वदेश ठूलो कि अरू ठूलो (३) ?



जगदीश लामिछाने
रौतहट, पौराई

केवल नेपाली माटैले मात्र हामीप्रति कर्तव्य पूरा गर्छ भन्ने भ्रम पालेर बस्दा मनमौजी राजा प्रशासक र थरी थरीका समर्थ नेता नामधारी व्यक्ति समेतले पछिल्लो पटक धोका खाएकै छन् । त्यसैले त्यो नेपाल मातारुपी माटोप्रति हामी आफैंले इमानदारीपूर्वक आफ्नो क्षमताले भ्याउने कर्तव्य पनि पूरा गर्नैपर्छ । यसै कुराको एउटा उदाहरण कहिल्यै घाम नअस्ताउने बेलायती साम्राज्यको पनि अहिले अर्कै अर्थ लाग्न लागेकै छ । धर्मले पनि अहिले पखेटा फेरेर धन दिएर इसाइकरण चलाउन खोज्दैछ । बल प्रदर्शनकारी देश देशावरका मुसाइहरुले अब युग हेरेर आँखा खुलाउनै पर्छ । यही कैलाश पर्वतको उत्तरबाटै नदी पश्चिम बगेर दक्षिण झर्ने सिन्धु नदीकै नाममा रमाउने शिव र विष्णु देवतापूजक ब्रह्मपुत्र तथा सतलज बीचका जनताले आफ्नै उत्तरी प्रतिनिधि भृकुटी र दक्षिणी प्रतिनिधि सीतालाई सम्झेर बुद्ध धर्मलाई साथै लिएर हिमवत खण्ड नेपालको वैदिक सांख्य दर्शन आदिसमेतको भरमा आर्य धर्मसमेत नाम राखी उपर्युक्त सम्पूर्ण हितसंरक्षण गरिँदा राम्रो होला । अरु कुरा त यसैको ठीक अघिल्लै शुक्रबार यसैमा समेत प्रस्तुत भएकैले अब आफ्नै नीतिज्ञहरुको टोलीको खाँचो तड्कारो देखिएको छ । यसकारण प्रथम नेता वर्गकै काम कर्तव्य सर्वप्रथम त्यसपछि मात्र विद्वत वर्ग र त्यसपछि मात्र तलब भत्ता आदि खाने नेता समेत आउने नै भए । तलका नेता विद्वतवर्ग कर्मचारी समेतमा नयाँ पत्रिका यही फागुन २६ को प्रद्युम्नप्रसाद पृष्ठ ११ उपयोगी छन ।

**(१) नेता वर्ग** : वर्तमान कालमा नेपाल मातामाथि श्रद्धा राखेर जनतामा व्यापक रुपमा प्रभाव पार्ने व्यक्तिहरु नै नेताहरु हुन् । पहिले राजामा जुन जुन अधिकार थिए ती अधिकार प्रयोग गर्ने पनि नेताहरु नै हुन् । त्यसैले उनीहरुलाई तलब अथवा भत्ता दिइने हुँदा नेपाल माताका कर्मचारी पनि भन्नै पऱ्यो । उदाहरणका लागि वर्तमान कर्णाली प्रदेशसहित हिमाली क्षेत्रमा उहिल्यै श्री ५ महेन्द्रले सुरु गरेको स्याउ खेतीको विकास प्रबर्द्धन र विदेश निर्यात समेत उनीहरुबाट हुनैपर्छ । त्यो काम कर्तव्य नै सम्झेर स्थानीय हिमाली धान उवा आदिका बीज विजक बिग्रन नदिएर कम्तीमा पनि सोही क्षेत्रले विदेशी सामान उपयोग गरेको जति भर्ताल विदेश निर्याततले हुनैपर्छ । त्यो भएको छैन भन्ने सुन्दा दिक्क लाग्नु स्वाभाविकै हो । यस्तै अरुले गरेनन् हामीले किन गरौं भन्नु चाहिँ नेतृत्वको कर्तव्य देखिएन । यसै प्रसंगमा पोखरा बाग्लुङ काठमाडौंले पनि वास्मती धान चामलमा वास्ना हटाउने विकास पनि विकास हो र ? सिन्धी गाईकै जस्तो मीठो दूध नहुनु पनि पशु विकास हो र ? भन्नै परेको छ । केवल अर्ग्यानिक उत्पादन कर्णाली प्रदेशले गर्छ भनेर मात्र पुग्दैन । निकै समय भयो नेताहरुले औषधि उपचार आदि निकै सुविधा लिन्छन् । एउटै अपराधमा कर्मचारी तथा अरुले पाउने सजाय जस्तो नेताहरुले पाउन छोडेका छन् र देशको व्यवस्था बिग्रँदै गएको हो । उनीहरु नेताहरुले पनि समान अपराधमा समान सजाय पाउनैपर्छ ।

**(२) विद्वतवर्ग** : हाम्रो देश नेपालसहित प्रत्येक देशका गहना नै विद्वत वर्ग हुन् । तर तिनै विद्वत वर्गलाई काम लगाउने यिनका कुरा आफ्नो स्वार्थ मिलेमा मात्र सुन्ने नमिले बाधा विरोध गर्ने पनि शक्तिमा जो छ तिनै नेता नै हुन् । विद्वत वर्ग अर्काथरी पनि छन् । यिनैबाट उस बेलाको सोभियत संघ टुक्रियो अहिले नेपालमा मानव अधिकारकै नाममा विद्वत वर्ग चिरा चिरा परेका छन् । यसैले प्रत्येक विद्वत वर्गले नेपाल मातासँग कहिल्यै लेण्डुप दोर्जे हुन्न कहिल्यै गोर्भाचोभ हुन्न भन्नैपर्छ । बेला कुबेला आधा रातमा विदेशी राजदूतसँग सल्लाह गर्ने विदेशी सांसदका घरघरमा गएर लाजै नमानी आफ्नो गुनासो पोख्ने आज संविधान मान्दछु भनी काठमाडौंमा सही गर्ने भोलि जनकपुर गएर कुरा फेरि अर्कै कुरा गर्ने हमबडा विद्वतधारीलाई लक्षित गरेरै मानव अधिकारवादी कृष्ण पहाडीले २०७५।११।२६ को अन्नपूर्ण पत्रिकामा लेखेकै हुनाले स्वदेशको सार्वभौमिकता, अखण्डता र अविभाज्यताको पालना गर्नु प्रत्येक नागरिकको कर्तव्य नै हो । यो देशका प्रत्येक विद्वत वर्गको पनि कर्तव्य यही हुनैपर्छ ।

**(३) कर्मचारी आदि** : कर्मचारी जुनसुकै सभ्य सरकारका हतियार हुन् । यिनलाई चुस्त दुरुस्त राख्नु तत समयका सरकारको कर्तव्य नै हो । तैपनि कोही कर्मचारी भ्रष्ट भइदिन्छन् । अनावश्यक आराम तथा विलासिता खोज्नु एक किसिमको भ्रष्टपना नै हो । उद्योगपतिले कमसल उत्पादनलाई असल भनी ढाँटेर पैसा कमाउनु पनि भ्रष्टपना नै हो । काठमाडौं उपत्यकाको मलिलो जमिनका केही दशक अगाडिका ७ लाख जनसंख्यालाई अहिले ७० लाख जनसंख्या बनाउनु पनि सबै मिलेर घरैघर बनाएको भ्रष्टाचारै हो । पृथ्वीमाथि अन्याय मात्र होइन, आफ्नै खुट्टामा आफैंले गरेको बञ्चरो प्रहार नै हो । नगरपालिकाहरुले फोहोरलाई मोहोर बनाउन दोस्रो तेस्रो उत्पादन योग्य नबनाई कुहिने फोहोर तथा नकुहिने फोहोर प्रत्येक घरमा छुट्याउन नलगाउनु प्रांगारिक मल उत्पादन नगराउनु नगर्नु पनि भ्रष्टपना नै हो । अब बन्ने बाटाहरुका छिमेकमा पनि यस्तै भूल भयो, हुँदैछ र खाद्यान्न आयात यो देशमा बढ्दैछ । यो पनि सबैले मिलेर गरेको भ्रष्टाचारै हो । विलासिताप्रतिको प्रेम र आलस्यलाई आफैं सहयोग गर्नाले आफ्नै स्वास्थ्य र सम्पत्ति आफैंले नाश गरेको हैन भनेर कसरी भन्ने ? अब पाठकहरुले बोल्ने पालो । यी सबै भ्रष्टाचारबाट स्वदेश ठूलो कि अरु ठूलो हुन्छ ?

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–३३

आर्थिक विषयमा भन्ने हो भने सामूहिक पुँजीको निर्माण र विकास, आधुनिकसामूहिक परिवार निर्माण र सांस्कृतिक विषयमा मातृवादी वैज्ञानिक कला, संस्कृतिको निर्माण आदि । यसलाई एक शब्दमा भन्ने हो भने 'समाजको आमूल ढाँचा मातृसत्तात्मक स्वरूपको हुने थियो ।' यीविशेषताहरूले चीनको समाजवादी व्यवस्था यति मजबुत हुने थियो कि त्यसलाई संसारको कुनै पनि शक्तिशाली आँधीले पनि हल्लाउन सक्ने थिएन ।बरू त्यसको प्रभात धरतीभरि फैलिने थियो ।

आधुनिक सामूहिक परिवारबारे कहीँकतै उल्लेख र परीक्षण नभएको पद्धतिचीनको सांस्कृतिक क्रान्तिमा उठ्थ्यो र कार्यान्वयनमा जान्थ्यो भन्ने आधार के छ ?यो पनि महत्त्वपूर्ण सवाल हो ।

तन्तरविरोध केलाउने क्रममा कम्युनिस्ट पार्टीले तत्कालीन चिनियाँ समाजको 'सबभन्दा शोषित, पीडित वर्ग महिला हो' भनेर विश्लेषण गरेको भएसांस्कृतिक क्रान्तिको रूप अलि फरक पर्ने थियो । सांस्कृतिक क्रान्ति चिनियाँ महिला मुक्तिवादीहरूको नेतृत्वमा सञ्चालन भएको भए उनीहरू हजारौं वर्षअगिदेखि चिनियाँ पितृसत्तात्मक समाजको चौतर्फी क्षेत्र र विषयहरूमा उत्पीडन हुँदै आएकानारी मुक्तिका लागि पुरूषवादी सांस्कृतिक, आर्थिक, राजनीतिक, परम्परावादी चिन्तन, विचारहरूलाईतारो बनाउने थिए, पितृसत्ताको पतन अवश्यम्भावी थियो ।त्यसपछिनारी–पुरूषबीच समानताको व्यवहार कायम हुन्थ्यो ।

अझ महत्त्वपूर्ण कुरा त यसमा पारिवारिक एकनिष्ठ विवाह पद्धतिको विकल्प खोजिन्थ्यो । किनकि एकनिष्ठ विवाह पद्धतिले महिला वर्ग शोषित हुन्छन् । त्यसका लागि उपलब्ध ऐतिहासिक तथ्यहरूको अध्ययन–अनुसन्धान पनि व्यापक हुन्थ्यो । किनकि चिनियाँ महिला वर्ग र क्रान्तिमा भागलिने करोडौं क्रान्तिकारी जनता चीनका लागि मात्र होइन, विश्व साम्यवादका लागि, विश्वभर महिलावर्गको मुक्तिका लागि, विश्वव्यापी एक राष्ट्र वा मानव जातिलाई अन्तर्राष्ट्रिय तुल्याउनका लागिजेल, नेल, यातना सहँदै, सङ्घर्ष गर्दै, युद्ध लड्दै आएका इतिहासका असली निर्माता थिए । जुन कारणले अमेरिकी समाजशास्त्री लुइस मोर्गनको 'आदिम परिवार' मार्क्स–एङ्गेल्सको 'परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति', चीनका मुक्तिदाता माओ त्से तुङको सन् १९२७ मा लिखित 'हुनान किसान आन्दोलनको जाँचपडतालको प्रतिवेदन' मा उल्लिखित महिला मुक्तिसम्बन्धी विचारलगायत अरूतथ्यहरूमा अवश्य नै गम्भीर रूपले अध्ययन-अनुसन्धान हुन्थे ।

विशेषज्ञ टोलीले थुप्रै महत्त्वपूर्ण कुराहरू बाहिर ल्याउँथे । त्यसबाटचिनियाँ र विश्वका सम्पूर्ण उत्पीडित, शोषित वर्गका जनताले भारी लाभ प्राप्त गर्थे । त्यसमध्ये एउटा महत्त्वपूर्ण सवाल हुन्थ्यो– एकनिष्ठ पारिवारिक संरचनाको विकल्प अर्थात् 'आधुनिक सामूहिक परिवार' । अनि व्यापक जनताको बीचमा लगेर तिनैको सहयोगमा त्यसलाई कार्यान्वयनमा पनि ल्याउँथे । यहाँ अर्को सवाल उठ्न सक्छ– यदि चीनको सांस्कृतिक क्रान्ति महिला वर्गको नेतृत्वमा सञ्चालन भएको भए च्याङ चिङको हातमा झनै शक्ति केन्द्रित भएर अरू बरबाद त हुने थिएन ?

अवश्य हुने थिएन किनकि तिनी एक व्यक्ति हुन् ।व्यक्ति सच्चिन सहज हुन्थ्यो, अन्यथा अरू ५० वर्ष पार्टी प्रवेश नै प्रतिबन्ध लाग्थ्यो ।

(क्रमशः)

# मैले देखेको सतासिऔं विश्व सम्पदा:

# एसलिन्गनको ऐतिहासिक स्थलहरू

सुरेन्द्र ढकाल




नगरको भित्री भाग ज्यादै मनमोहक रहेछ




नगरमा प्रयोग हुने खच्चरले तान्ने एक्का



नगरमा रहेको प्राचीन पुरातात्विक क्षेत्र



पूरै एसलिन्गन सहर यस्तो देखिन्छ

स्टुटगार्टको दरबार स्क्वायर र सेपुलक्रल चिहान (Württemberg Mausoleum) अवलोकन गरिसक्दा दिनको ३ मात्रै बजेको थियो। सरासर स्पायर फर्कनुभन्दा बाटोमा पर्ने ऐतिहासिक शहर एसलिंगन पनि अवलोकन गर्ने सहमति भए अनुसार हामी स्टुटगार्टबाट केही घन्टा एसलिंगनमा बिताउने निधो गरी हामी सोझै त्यता लाग्यौं । स्टुटगार्टबाट एसलिंगनको दूरी जम्मा १७ किलोमिटर जति मात्रै हुँदा हामी ४ बज्दा एसलिंगन पुगिसकेका थियौं । त्यहाँको सिटी सेन्टरमा हाम्रो बस अडिएपछि हामी लाग्यौं एसलिंगनको ऐतिहासिक स्थलहरु अवलोकन गर्नेतर्फ ।

एसलिंगन नगर दक्षिण जर्मनीको नेक्कार नदीको किनारमा रहेको एसलिंगन नगर स्टुटगार्टपछि यस क्षेत्रकै ठूलो शहरमा गनिदो रहेछ। यो जर्मनीको एकिकरण हुनु अगाडि धेरै शताब्दिसम्म साम्राज्यको स्वतन्त्र शहर रहेछ र पछि सन् १८०२ मा भूर्टेमवर्गमा गाभिएको रहेछ । यस शहर र त्यहाँको चर्च वरिपरि भएको पुरातात्विक अन्वेषण अनुसार इशाभन्दा १००० वर्ष अगाडि नै निओलिथिक युगमा यहाँ मानव सभ्यताको विकास भएको पाइएको रहेछ ।

पहिलो शताब्दिमा यो रोमन साम्राज्यको अधिनमा रहेछ त्यतिखेर माथिल्लो एसलिंगनमा रोमनहरुले गोदाम र पछि उनीहरुले सैनिकहरुको लागि ब्यारेक पनि बनाएका रहेछन् । यस शहरको नाम सबैभन्दा पहिले सन् ७७७ मा एजालिंगा भनी पेरिसका पादरी सन्त फुलराडले राखेका रहेछन् । पछि सेन्ट डेनिसले इटलीको शहर मिलानबाट पहिलो क्रिश्चियन भनेर मानिने भिटालिसको (हड्डि) अस्तुधातु ल्याई त्यहाँको चर्चको छिडीमा राखेपछि एसलिंगन ठूलो धार्मिक गन्तब्य बन्न गएको रहेछ र



प्राचीन नगर यस्ता घरहरूले सजिएको रहेछ

यही कारण यस शहरको विकाशक्रम शुरु भएको रहेछ ।

सन ८६६ तिर आइपुग्दा यो ठूलो बजारमा परिणत भएको रहेछ र सन ९४९ देखि ९५३ सम्म गरी ४ वर्ष यो शहर स्वाबको ड्युकको अधिनमा गएको रहेछ । पछि रोमन सम्राट फेडेरिक द्वितीयको पालामा नेक्कार नदीमाथि पुल बनेपछि त यो शहर इटली, स्वीट्जरलैण्ड र उत्तरी जर्मनीबीचको ब्यापारिक मार्ग नै बन्न पुगेको रहेछ ।

अंगुरको रक्सी बनाइ ब्यापार गर्ने ब्यापारीहरुले यो पुल प्रयोग गर्दा बुझाउनुपर्ने शुल्कको कारण यो शहर त्यतिबेला नै धनधान्यले पूर्ण मानिदो रहेछ । पछि १३ औं शताब्दिमा रोमन साम्राज्य र भूर्टेमवर्गको ड्युकबीच यस शहर कसको अधिनमा रहने भन्ने खिचातानीको कारण भएको द्वन्द्वले यहाँको आधाभन्दा बढी जनताले ज्यान गुमाउनु परेको रहेछ ।

सन १६१८ देखि १६४८ सम्म चलेको ३० वर्षे धार्मिक युद्धको कारण यहाँ भुखमरी र रोगब्याधी फैलन गई यो शहरले आफ्नो स्वायत्तता गुमाई अन्ततः भुर्टेमवर्गको ड्युककै अधिनमा पुगेछ । १९औं शताब्दिको शुरुवातसँगै यस शहरले ठूलो औद्योगिक विकास गरेछ । यहाँ हातमा लगाउने पन्जा, खाद्य प्रशोधन, सुति र धातु उद्योग निकै फस्टाउन पुगेछ । २० नोभेम्वर १८४५ इतिहासमा पहिलो पटक कानस्टाटदेखि एसलिंगनसम्म रेल यातायात शुरु भएको रहेछ । दोस्रो विश्वयुद्धमा जर्मनीको हारसँगै अप्रिल १९४५ मा यो शहरलाई अमेरिकी सैनिकले आफ्नो अधिनमा लिएको रहेछ ।

युद्धताका खसालिएको बमको कारण यो शहर क्षतविक्षत भएको रहेछ। त्यति हुँदाहुँदै पनि मध्यकालिन यहाँको नगरको केन्द्र भने सुरक्षित नै रहन पुगेछ । युद्धपश्चात यहाँ पूर्वी जर्मनीबाट आएका ४७ हजार शरणार्थीहरुलाई आवासको विकास गरी आश्रय दिएको रहेछ ।

पछिल्लो समयमा यो शहरमा व्यावहारिक विज्ञान विश्वविद्यालय र मेकानिकल इञ्जिनियरिङ कलेजको




एसलिन्गन नगरको मुटुमा सुरेन्द्र सन् १९८९ को सेप्टेम्बरमा



नेक्कार नदी यसरी नहर हुँदै बगेको रहेछ

स्थापना भएपछि यो विश्वविद्यालय नगरमा परिणत भएको रहेछ । प्राचीन, कलात्मक, ब्यापारबाट समृद्धि हासिल गरेको, स्वस्थ खच्चर, गधा, घोडाले तान्ने टांगा र एक्कामा परम्परागत ब्यापार गर्ने संस्कार कायमै रहेको, कलात्मक काठका फ्रेममा बनाइएका मनमोहक घरहरु र परम्परागत वेशभुषाले सिँगारिएको एसलिंगन नगर ज्यादै सुन्दर र मनमोहक रहेछ। करिब दुईघण्टा यो नगरमा बसी त्यहाँको सुन्दरता र प्राचीनता दुवैको अवलोकन गरी हामी बेलुकी ६:३० बजेतिर स्पायर फर्कियौं ।

# हामीहरूको जेल यात्रा र जेल जीवन




■ शम्भुराम श्रेष्ठ

हामीहरूसँगै पक्राउ परेका अरु सबै साथीहरुलाई छाडेको भोलिपल्ट टंकविलास गुरुभाजु, तिलकराज शाही र मलाई डेढ डेढ धार्नीका खिया परेको फलामका नेलहरु र १८ इन्च जति मात्रै लामो उस्तै खिया परेको फलामका सिक्रीले हामीहरुका दुइटै गाडीहरु जकडेर दिउँसो १२ बजेको टन्टलापुर घाममा मोहन शमशेरको महाराजगन्जस्थित लक्ष्मी निवासको सैनिक ब्यारेकदेखि सेन्ट्रल जेलसम्म हिँडाएर ल्याए । त्यसरी हिँडाएर ल्याएकाले हाम्रा गोडाहरु खिया परेका नेलहरुले छियाछिया पारी रगताम्य भएको र तिनले पारेका घाउहरु पनि सहनै नसकिने गरी दुखेकाले हामीहरु बिल्कुलै हिँड्न नसक्ने भएका थियौं । सामान्यतया महाराजगन्जबाट सेन्ट्रल जेल पुग्न आधा घन्टा मात्रै लाग्ने भए तापनि हामीहरुलाई ४ घन्टाभन्दा बढ्ता लाग्यो । सेन्ट्रल जेल पुगेपछि हामीहरुलाई सोभै गोलघरको अँध्यारो, गन्हाउने, भुण्ड्याएर वा खुकुरीले हानेर मार्ने फैसला गरिएका ज्यानमाराहरुलाई मात्र राखिने डब्जन कोठाभित्र हुलेर ताल्चा लगाइदियो । अघिल्लो दिनको पिटाइ, खिया परेका नेल र सिक्रीले जकडिएर हिँड्दाको पीडा, खिया परेका नेलहरुले पारेका गोडाका घाउहरुको असाध्य दुखाइ र टिबी रोगले ग्रस्त मारिने दिन पर्खेर बसेका ज्यानमारा कैदीहरुले थुकेका रगतका टाटाहरु भएको डब्जन कोठाका भित्ताहरु आदिको भयावह परि दृश्यले गर्दा अति नै थाकेको भए पनि हामीहरु त्यो रात बिल्कुलै सुत्न सकेनौं । त्यति मात्र होइन, त्यो राति हामीहरु यहाँबाट अवश्यै बाँचेर निस्कन सक्ने छैनौं भनी हामीमा गाढा निराशा पैदा भएको थियो ।

भोलिपल्ट बिहान सेन्ट्रल जेलका चौकीदार (जेलरद्वारा जेलका कैदीहरुमध्येबाट जेलभित्रको प्रमुख प्रशासकको रुपमा नियुक्त व्यक्ति) मूल नाइके, नाइके र सिक्टरहरु हामीहरुलाई त्यो दिनको सिधा अर्थात् ५-७ वर्ष पुरानो डेढ माना सरुवा चामल (धान सरोवर भएको नफलेको चामल) एक पैसा, अलिकति नुन, ४ वटा खोर्सानी र ससाना मसिना ४ वटा कप्टेराहरु मात्र भएको एक मुठा दाउरा दिन आए । हामीहरुसँग भात र तिहुन पकाउने भाँडाहरु थिएनन्, न त हामीहरुसँग सरुवा चामल फल्ने बाँसको ढुंग्रो थियो न त हामीहरुले त्यस्तो चामल फल्न नै जानेका थियौं । हामीहरु जस्ता केटाहरुले त्यसो गर्न जानुन् नै कसरी । हामीहरुको यो अवस्थालाई महसुस गरेर चौकीदारले गोलघरकै अर्को डब्जन कोठामा राखिएका चन्द्रमान कम्पाउन्डरकोमा हामीहरुको खानपिनको व्यवस्था मिलाइदियो । चन्द्रमानजीले दाल, भात, तरकारी पकाउनु हुन्थ्यो र हामीहरुले नुन खोर्सानी र जिरा आदि मसला पिँध्थ्यौं । यहाँसम्म कि आलु प्याज तरकारीमा राखिने प्याजसमेत हामीहरुले चन्दन जस्तै मिहिन हुने गरी पिँध्नु पर्थ्यो । चन्द्रमानजी साह्रै मीठो पकाउनु हुन्थ्यो । हामीहरु सबै मिठो मानेर खान्थ्यौं । १५ मिनेटपछि नै हामीहरुलाई भोक लाग्न थाल्थ्यो । किनभने एक त हामीले पाउने ६ चौथाइमध्ये तेल र तरकारी किन्नका लागि एक चौथाइ सरुवा चामल जेलको ढोकाको पसलेलाई बेच्नुपर्थ्यो र बाँकी रहेको ५ चौथाइ पनि बाँसको ढुंग्रोमा फलेपछि ४ चौथाइ मात्र बाँकी रहन्थ्यो । आधो माना पुरानो चामलको भात खाएर हामीहरुलाई बिल्कुलै पुग्दैनथ्यो । घरबाट खानेकुरा ल्याइदिएको पनि एक न एक बहाना गरी फर्काइदिइन्थ्यो । जे होस्, बिस्तार बिस्तारै हामीहरुमा पहिलो रातमा पैदा भएको निराशाको भावना लोप हुँदै गयो र त्यो कठिन जेल जीवनसित हामीहरु अभ्यस्त हुँदै गयौं ।

चन्द्रमान कम्पाउन्डर नेपाल प्रजा परिषद्का सदस्य हुनाको साथसाथै राजा त्रिभुवनका एक अत्यन्तै विश्वासिलो र मन परेको स्वास्थ्यकर्मी पनि थिए जसलाई अमर सहिद धर्मभक्त माथेमाको निर्देशनमा राजाले दिनहुँ व्यायाम गर्दा आफ्नो पिठ्यूँमा चढाएर दण्ड बैठक गर्नु हुन्थ्यो । हुन सक्छ त्यही नै कारणले राणा शासकहरुले १९९७ सालको प्रजा परिषद् काण्डमा चन्द्रमान कम्पाउन्डरलाई सिंहदरबारमा केरकार गर्ने क्रममा राजा त्रिभुवनको संलग्नताबारे प्रश्नहरु गर्दै कैयौं दिनसम्म लगातार अत्यन्तै क्रुरतापूर्वक कोर्रा हानी शारीरिक यातना दिएका थिए र जन्म कैदको सजाय दिएका थिए । चन्द्रमान पनि गणेशमान सिंहसँगै भद्रगोल जेलबाट भाग्नेवाला थिए । उक्त भाग्ने योजनामा पूर्णबहादुर एमए गणेशमान सिंह र चन्द्रमान कम्पाउन्डर थिए । जहाँसम्म पूर्णबहादुर एमएको सवाल छ, उनी आफैं त भाग्नेवाला थिएनन् तर भाग्नेहरुलाई आफ्नो काँधमा चढाएर भाग्नमा मद्दत गर्नेवाला थिए । गणेशमान त पहिलो प्रयासमै पूर्णबहादुर एमएको काँधमा चढेर जेलको पर्खाल नाघी भाग्न सफल भइहाले । तर चन्द्रमान कम्पाउन्डर चाहिँ अलि मोटो शरीरको भएको हुनाले ३ पटकसम्म प्रयास गर्दा पनि पर्खालमाथि पुग्न सकेनन् र अन्तिम प्रयासमा ठूलो आवाज आउने गरी पर्खालबाट खसेर पछारिए । उनी खसेको आवाज सुनेर चौकीदार, मूल नाइके र नाइकेहरु तुरुन्तै त्यहाँ पुगिहाले । पूर्णबहादुर एमए आफू स्वयं नभाग्ने तर भाग्नेहरुलाई मद्दत मात्र गर्ने भएकाले उनलाई केही दिन उनको आफ्नै कोठामा नजरबन्द गर्ने सजाय दिइयो र चन्द्रमान कम्पाउन्डरलाई सेन्ट्रल जेलको गोलघरमा सजायस्वरुप सारियो ।

टंकप्रसाद आचार्य र रामहरि शर्माले पनि भद्रगोल जेलबाट भाग्ने योजना बनाएका थिए, तर सो योजना कार्यान्वित हुनुभन्दा पहिल्यै कुरा चुहिएर मिलिटरी जेलरले थाहा पाएका हुनाले उहाँहरु दुवै जनालाई पनि चन्द्रमान कम्पाउन्डरलाई झैं भद्रगोल जेलबाट सेन्ट्रल जेलको गोलघरमा सारिएको रहेछ ।

हामीहरु जेल परेको दुई-अढाई महिना जतिपछि काठमाडौंको तीनधारा संस्कृत पाठशालाका छात्रहरुले संस्कृतको साथसाथै अन्य भाषा र विषयहरु पनि पढ्न पाउनुपर्छ र पढाउने व्यवस्था गरियोस् भन्ने मागलाई अघि सारेर 'जयतु संस्कृतम्' को नारा लगाउँदै जुलुस निकाले । त्यो समाचार सुन्दा हामीहरुलाई धेरै नै खुसी लाग्यो र हामीहरुको हौसला पनि बढाइदियो ।

उपरोक्त घटना घटेको लगत्तैपछि भने जस्तै औपचारिक रुपले राणा सरकारको अनुरोधमा तर वास्तविक रुपले नेपालमा आफ्नो विस्तारवादी स्वार्थपूर्तिका लागि कुनियतको रुपमा भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरुले नेपालमा राजनीतिक सुधारको निम्ति एउटा संविधान मस्यौदा गर्न भारतबाट एकजना संविधानविद् अर्थात् श्रीप्रकाशलाई काठमाडौंमा पठाए । निज श्रीप्रकाशले मस्यौदा गरेको संविधान २००५ सालको विधान राणा सरकारद्वारा स्वीकृत भई प्रधानमन्त्री (श्री ३ महाराज) पद्मशमशेर जबराद्वारा विधिवत रुपले लागू भएको घोषणा पनि भयो । तर घोषणा भएको लगत्तै मोहनशमशेर एन्ड कम्पनीले आफूहरु स्वयंले पहिले स्वीकृत गरिसकेको भए तापनि त्यसको जबरदस्त विरोध गर्दै २००५ सालको विधानलाई लागू नगर्न पद्मशमशेरमाथि एकदमै कडाइ साथ दबाब दिन थाले । मोहनशमशेर गुटको दबाबको बिल्कुलै परबाह नगरी घोषित संविधान लागू गर्दा भाइ भाइको बीचमा मारकाट हुने देखेर पद्मशमशेरले श्री ३ महाराजको गद्दी नै परित्याग गरी विदेशिने निर्णय गरी प्रवासी जीवन बिताउन भारतमा गए ।

नेपालमा अलिकति पनि राजनीतिक सुधार हुन दिन नचाहने मोहनशमशेरको यो अनुदारवादी तथा प्रतिक्रियावादी हार्डलाइन सोच देखेर पं. नेहरु एकदमै सशंकित भए । फलतः यसबाट पं.नेहरुमा परेका नकारात्मक असर डेढ वर्षपछि अर्थात् २००७ सालमा जहानियाँ राणा शासनविरुद्ध सशस्त्र 'क्रान्ति' हुनाको एक प्रमुख कारण बन्न गयो । *(क्रमशः)*

# बासी भातको फाइदा यस्ता छन्



तपाईको घरमा भात उब्रिय के गर्नुहुन्छ ? गाउ घर तिर भए गाई बस्तु शहर तिर भए कुकुर वा कसै कसैले त आँफै भुटेर खाने गरेको पनि पाईन्छ । कतिले त बासी भात स्वास्थ्यका लागि हानिकारक वा बासी भात खानु हुन्न भनी मिल्काउने गरेको धेरै देखेका छौ । अबका दिनमा जब तपाईको घरमा साँझ वा बिहान बचेको बासी भात फ्याँक्ने भूल नगर्नुस् । तपाईलाई पनि थाहा नहुन सक्छ, त्यही बासी भात स्वास्थ्यका लागि कति लाभदायी छ ?

- बासी चामलको गुण चिसो हुन्छ । यदि तपाईले बताइएअनुसार दिनहुँ बासी भात खानुभयो भने यसबाट तपाईको शरीरको तापक्रम पनि नियन्त्रणमा रहनेछ ।
- यदि तपाईमा चिया वा कफीको लत छ भने बिहान उठेर बासी भात खानुभयो भने तपाईको त्यो लत केही दिनमै नियन्त्रण हुनेछ ।
- एक अध्ययन अनुसार बासी चामलको भातमा माइक्रो-न्युट्रिएन्ट्स र अन्य कयौं आवश्यक मिनरल्स हुने गर्दछ । यस्तोमा हरेक दिन बिहान चामलको बासी भात खानु लाभदायी हुनेछ ।
- चामलमा भरपुर मात्रामा फाइबर्स हुने गर्दछ, जसले कब्जियतको समस्यामा फाइदा पुराउने गर्दछ ।
- बासी भातले तपाईलाई दिनभर चुस्त तन्दुरुस्त बनाइराख्नेछ, यसबाट दिनभर काम गर्नका लागि इनर्जी पनि प्राप्त भइरहनेछ ।
- तपाईलाई अल्सरको समस्या छ भने सातामा तीन दिन बासी चामलको भात खानाले यसबाट चाँडै घाउ ठिक हुनेछ ।

# अमेरिकामा माउन्ट एभरेष्ट नामका दुई सडक

काठमाडौं । अमेरिकाको न्युयोर्क राज्य सरकारले दुई सडकको नाम माउन्ट एभरेष्ट नामकरण गरेको छ । नेपाल र नेपालीहरुको सम्मानार्थ कुइन्सस्थित ज्याक्सन हाइटको बाटोलाई 'माउन्ट एभरेस्ट वे' नामकरण गरेको हो । यसअघि क्यालिफोर्नियाको सान जोसेस्थित माउन्ट एभरेस्ट डिआर नामकरण गरिसकिएको छ ।


न्युयोर्क राज्य सरकारले एक कार्यक्रमको आयोजना गरी नेपालीको बाक्लो बस्ती रहेको ज्याक्सन हाइटस्थित ७५ स्ट्रिटको २५ देखि ३१ एभिन्युसम्मको बाटोलाई माउन्ट एभरेस्ट वे नामकरण गरेको हो । नामकरण कार्यक्रममा नेपालका लागि अमेरिकी राजदूत डा. अर्जुन कार्की र काउन्सिल म्यान कोस्ट कोन्स्टिडिनेजले संयुक्त रुपमा उद्घाटन गरे ।

राजदूत कार्कीले यस्ता कार्यक्रमले अमेरिकी सरकारद्वारा नेपालीको लागि दिइएको उच्च सम्मान झल्किएको बताए । माउन्ट एभरेस्ट वे लेखिएको सडक चिह्नको बोर्ड एनआरएन एनसिसी अमेरिका र न्युयोर्क च्याप्टरका अध्यक्ष रामहरि अधिकारीलाई हस्तान्तरण गरिएको थियो ।

# पेरिस : कलात्मक सहरमा अकलात्मक यौनाचार

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार



**के तिमी फ्रेन्च बोल्छौ ?**

आइफेल टावरको यो तलामा अवस्थित सानदार रेस्टुराँमा घटेको सानो घटनाले फ्रेन्चहरूप्रति मेरो एउटा अस्पष्ट धारणा पनि बन्न पुगेको हुन्छ । रेस्टुराँ पर्यटक ग्राहकहरूले खचाखच भरिएको हुन्छ । केही खानेपिउने मनसायले म पनि एउटा मेचमा थुस्सुक्क गई बस्न पुगेको हुन्छु ।

यत्तिकैमा एक जना अधबैंसे परिचारिका आई मसँग फ्रेन्च भाषामा सोधिछन् । परेन फसाद ! अनि म हिचकिचाएर डिक्क हाँस्दै विनम्रतापूर्वक सोध्न पुग्छु- "डु यु स्पिक इङ्लिस ?" (के तपाई अङ्ग्रेजी बोल्नुहुन्छ ?) मैले यति सोधुन्जेलसम्ममा ती देवीले कालोको रूप धारण गरिसकेकी हुन्छिन् । उल्टो उनी मलाई भन्छिन्- "डु यु स्पिक फ्रेन्च ?" म त झसङ्ग भएँ । अनि हातले चारपाते सङ्केत गर्दै मेनु (खानेकुराको सूची) का निमित्त अनुरोध गरेँ । उनी झर्कंदै केके फतफताउँदै फर्किछिन् र छिनभरमै टेबुलमा मेनु ल्याएर बजाछिन् । ती परिचारिकाको यस्तो अभद्र व्यवहारले पहिले नै मेरो मन खड्ग्ङ्ग भइसकेको हुन्छ ।

यसो मेनु हेर्छु सबै फ्रेन्च भाषा, कालो अक्षर भैंसीबराबर, कस्तो आपत् ! तैपनि मूल्यका अङ्कचाहिँ बुझिने हुँदा यसो सस्तो कुरा खोजेर उसलाई सङ्केत गरेको हुन्छु । खाना चाँडै आइपुग्छ, चाइनिज खाना 'स्पागेटी' रहेछ । चुकजस्तो अमिलो पदार्थको स्वाद आउँदा 'खाए खा नखाए घिच्' भन्ने अवस्थामा रुमलिएको हुन्छु । येनकेन आधाजति मात्र त्यो खाना खाई त्यस परिचारिकालाई दुई-चार फ्याङ्क बक्सिस दिई सानसँग रेस्टुराँबाट बाहिर निस्कें । शिष्टाचारको क्षेत्रमा साँच्चै भन्ने हो भने हामी नेपालीले पश्चिमा मुलुकका निवासीहरूलाई केही पाठ सिकाउन समर्थ हुनेछौं भन्ने धारणा लिई त्यस रेस्टुराँबाट बाहिर निस्कें ।

**भेरसाई दरबार**

पेरिसजस्तो विशाल नगरमा असङ्ख्य दृश्यावलोकनका ठाउँहरू र प्राचीन कलाका उत्कृष्ट नमुनाहरू छ्यासछ्यसती छन् ।



मजस्तो एक्लो, दोस्रो भाषा पटक्कै नजान्ने पुरुषले सेखी गर्नु बेकार ठानें फेरि विदेशमा एक्लै घुम्दा हरदम भँगालाले खाएजस्तो मन तथा भक्केको पहराजस्तो अनुहार भइदिने रहेछ । तसर्थ अन्ततोगत्वा 'कन्डक्टेड टुर' को शरण मैले लिनै पर्‍यो । तीन-चार दिनसम्म बिहानदेखि साँझसम्म विभिन्न थरीको 'टुर' बाट पेरिसका विभिन्न ठाउँ पुगेको हुन्छु । यद्यपि त्यहाँका सबैजसो ठाउँमा राम्ररी चहार्न एक-डेढ महिनाले पनि पुग्दैन भनी यात्रा गरिरहेको बसभित्र कुरा भएको सुनेको थिएँ ।

एक दिन मैले दिनभरि भेरसाइनामक संसारप्रसिद्ध फ्रेन्स राजदरबारमा बिताएको हुन्छु । पेरिसभन्दा तेइस किलोमिटर दक्षिण-पश्चिम सहरबाहिर क्षेत्रमा अवस्थित यो राजदरबारको नाम मात्र भेरसाई होइन अपितु यस सहरलाई समेत भेरसाई भनिने रहेछ । फ्रान्सेली जनक्रान्ति हुनुभन्दा अघि राजतन्त्रात्मक फ्रान्समा भेरसाई राजदरबार तथा यस इलाकाले निकै महत्वपूर्ण भूमिका खेलेको थियो । राजा लुई चौधौंले सर्वप्रथम यस ठाउँलाई हराभरा रमणीय बनाई यहाँ नै राजदरबार खडा गरी विभिन्न सरकारी कार्यालयहरू सञ्चालन गरेका थिए र करिब एक शताब्दीसम्म यो सहर फ्रान्सको महत्वपूर्ण स्थल बन्न पुगेको थियो । भेरसाई दरबारलाई हालको अवस्थामा पुऱ्याउन राजा लुई चौधौं, पन्धौं तथा सोह्रौं अर्थात् तीन पुस्ताको सशक्त क्रियाकलापको इतिहास समावेश भएको छ । पहिले जुन अवस्थामा थियो त्यहीअनुरूप हालसम्म यथावत् रहेको त्यो दरबारभित्रको सौन्दर्य देख्दा म स्तम्भित हुन पुगें । हुन त काठमाडौंका विभिन्न राणाकालीन भव्य दरबारहरूमा चहार्दा हामी जिब्रो काढ्ने गर्छौं तर पेरिसको भेरसाई दरबार चहार्दा हाम्रा यहाँका ती दरबारहरू सबै फिक्का हुन पुग्छन् । वस्तुतः नेपालमा प्रजातन्त्रको उदय हुनुभन्दा अगाडिको एक सय चार वर्षको जहानियाँ एकतन्त्री शासनकालमा राणापरिवारहरूले आफ्ना दरबारहरू बनाउँदा युरोपीय मुलुकहरूको अन्धाधुन्ध अनुकरण गरेका रहेछन् । तर यी राणादरबारहरूमा जतिसुकै भव्यता भए तापनि मल्लकालीन दरबारहरूमा जस्तो मौलिक स्वरूप विद्यमान भएको पाइन्न । भेरसाई दरबारमा कतै सङ्ग्रमरका, कतै उत्कृष्ट चित्रकला मात्र भएका त कतै सुन्दर चित्रहरू कोरिएका बैठकहरू रहेछन् । तर सबभन्दा बढी महत्व ओगट्ने बैठक रहेछ त्रिहत्तर मिटर लामो, एघार मिटर चौडा तथा तेह्र मिटर उँचो ग्यालरी अफ मिरर (ऐनाको बैठक) जहाँका सत्रओटा झ्यालहरूपिच्छे सत्रओटै लामा-ठूला ऐनाहरूले त्यहाँको सुन्दरतालाई झलमल्ल तुल्याएका हुन्छन् । त्यस दरबार घुमाउने हाम्री गाइड बूढीले हामीलाई 'माई चिल्ड्रेन' (मेरा नानीहरू) भनी सम्बोधन गर्ने गर्दथिन् । साँच्चै बज्यै भन्न सुहाउने त्यस फ्रेन्च बूढीको आफ्नै प्रकारको जोस र होस थियो । कुनै वस्तुविशेषको महत्ता देखाउनुपर्‍यो भने भाषालाई गहकिलो र बेजोड तरिकाले प्रस्तुत गर्न सक्ने ती बूढी बज्यैको अङ्ग्रेजी भाषा प्रस्ट बुझिने थियो । त्यस ग्यालरी अफ मिररमा पुग्दा गाइड बज्यैले हामी सबको ध्यानाकर्षण गर्दै भनेकी थिइन्- "हेर नानीहो बुझ्यौ, यो त्यही बैठक हो जहाँ इतिहासप्रसिद्ध शान्तिसम्झौता-भेरसाई-सन्धि सम्पन्न भएको थियो । यो सन्धिअनुसार बुझ्यौ नानीहो, एकातिर जर्मनीको प्रथम विश्वयुद्धमा आफ्नो हार स्वीकार गरेको थियो त अर्कोतिर अस्ट्रोहङ्गेरियन साम्राज्यको पतनको प्रतिफलस्वरूप चेकोस्लोभाकिया, युगोस्लाभिया, अलबानिया र रुमानियाजस्ता नयाँ राष्ट्रहरूको उदय भई तिनीहरूको अस्तित्व पनि कायम भएको थियो । यो ग्यालरी अफ मिररको लगत्तै पछि लडाइँकोठा, शान्तिकोठा, राजाको खोपी तथा रानीको खोपी रहेछन् जुन होचा तथा साना भए तापनि तिनमा बेग्लै किसिमको कलात्मक भव्यता विद्यमान रहेछ । विश्वइतिहास र राजनीतिको सामान्य पाठक हुँदा पनि त्यहाँ मलाई जुन किसिमको सजीवताको अनुभव भयो त्यो अतुलनीय थियो ।

भेरसाई राजदरबार जत्तिको भव्य छ त्यसको वरिपरि विभिन्न नाउँका वाटिकाहरू पनि उत्तिकै मनोरम रमणीय रहेछन् । दरबारको पछाडि रहेको 'पटि ट्रिआनोन' नामक चारैतिर रुखले घेरिएको जङ्गलजस्तो खुला ठाउँमा प्राकृतिक सौन्दर्यले परिपूर्ण विभिन्न किसिमका छाप्राहरूका साथै छहरा, ताल, पोखरी, डिस्को, मैदान आदि भएको हेर्दा गाउँजस्तो देखिने मनमोहक उद्यान रहेछ । गाउँको रूप देखाउने यो उद्यान राजा लुई सोह्रौंले आफ्नी प्यारी रानी मारी अन्टुवानेतको मनोकामना पुऱ्याउन बनाइदिएका रहेछन् । त्यस महान् देशकी महारानीलाई गाउँले जीवन पनि कति मन पर्ने रहेछ, हाम्रा साना नानीहरूले आफ्ना सखीहरूसँग पुतली खेलेर रमिता गर्ने जस्तै ती रानी मारी अन्टुवानेट पनि आफ्ना सहेलीहरूसँग हप्तौं-महिनौं दिनसम्म गाउँले भेडागोठाला बनी त्यहाँ बिताउँदी रहिछिन् । तर भाग्यको लेखा पनि गजब नै रहेछ ।

कसले सोचेको थियो होला र निकट भविष्यमै अर्थात् सन् १७८९ मा फ्रान्समा बौद्धिक चेतना र जागरणले यस्तो दृढता तथा प्रबलता ओगट्ला भनेर, जसबाट त्यहाँका राजारानीलाई नजरबन्द मात्र गरेको हुन्न कि राजसत्तालाई नै सधैंका लागि अन्त्य गर्न क्रुद्ध जनताले आखिर राजा लुई सोह्रौंलाई 'ला प्लेस डुला कनकर्ड' भन्ने खुला ठाउँमा ल्याई उनको घाँटी छिनालिदिएको हुन्छ र लगत्तै केही महिनापछि पम्फाको फूलजस्ती कोमल रानी मारी अन्टुवानेटलाई पनि यसरी नै मृत्युको मुखमा होमिदिएको हुन्छ । यसरी फ्रान्सको शताब्दीऔं पुरानो राजतन्त्रात्मक रङ्गमञ्चमा राजा लुई सोह्रौं र रानी मारी अन्टुवानेटको नाटक वियोगान्त पर्दाबाट अन्त्य भएको हुन्छ । *(क्रमशः)*

# शेयर लगानीकर्ता फेरि आन्दोलनमा

काठमाडौं । शेयर लगानीकर्ता दबाब समूहले अर्थमन्त्री डा. युवराज खतिवडाको बर्खास्तीको माग गर्दै पुन आन्दोलनको घोषणा गरेको छ । समूहले घोषणा गरेको आठ दिने आन्दोलनमा धितोपत्र बोर्ड तथा नेप्सेका प्रमुखसम्मको घर घेराउ गर्ने कार्यक्रम तय गरेको छ ।

सरकारले गठन गरेको अध्ययन समितिले दिएको ५८ बुँदे सुझावका केही बुँदा कार्यान्वयन गरिए पनि अधिकांश बुँदाहरु कार्यान्वयनमा नआएको भन्दै समूहले आन्दोलनको घोषणा गरेको जनाएको छ ।

साथै समूहले गत मंसिरमा बजार सुधारको माग गर्दै थालेको आमरण अनशनको क्रममा सरोकारवाला निकायलाई बुझाएको ३२ बुँदे माग सम्बोधन गर्न सरकार तथा नियमनकारी निकायले व्यवस्ता गरेको आरोप समेत लगानीकर्ताको छ ।

दबाब समूहले आफ्नो सम्पतिको सुरक्षाको सवैधानिक हकलाई आत्मासाथ गर्दै निर्णायक आन्दोलनमा उत्रने निर्णय गरेको जनाएको छ । दबाब समूहले उठाएको माग पुरा गर्नु भन्दा पनि नियमनकारी निकाय धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्की आफै लगानीकर्ता विरुद्व षडयन्त्रमा लागेकोले आन्दोलनमा जानुको विकल्प नभएको समूहको ठहर छ । आगामी वैशाख एक गतेदेखि पूँजी बजारमा प्यान अनिवार्य लगाउने आवश्यकता र औचित्य पुष्टि गर्न समेत माग गरेको छ ।

दबाब समूहले घोषणा गरेको अन्दोलनका कार्यक्रममा चैत ९ गते पुँजी बजार विरोधी अर्थमन्त्रीलाई बर्खास्त गर्न प्रधानमन्त्रीलाई आग्रह गर्ने, १० गते बोर्डका अध्यक्ष र कार्यकारी निर्देशकको घर घेराउ गर्ने, ११ गते नेप्सेका अध्यक्ष र कार्यकारीको घर घेराउ गर्ने, १२ गते सिंहदरबार क्षेत्रमा कालो बेलुन उडाउने, १३ गते बोर्डमा तालाबन्दी गर्ने, १४ गते लगानी सम्मेलनमा आउने विदेशी पाहुनालाई नेपालको पुँजी बजारको बारेमा अवगत गराउन विवरणपत्र बुझाउने, १५ गते विदेशी पाहुनासँग छलफल गर्ने र १६ गते प्रधानमन्त्री र अर्थमन्त्री जाने सार्वजनिक कार्यक्रममा विरोध प्रदर्शन गर्ने रहेका छन् ।

# किसमिसका फाइदा

सधैं बिहान किसमिसको पानी पिउनाले शरीरलाई भिटामिन लगायत फलाम पर्याप्त मात्रामा पाल्छ । साथै यसमा चिनीको मात्रा पनि कम हुन्छ, यसमा प्राकृतिक एन्टीअक्सीडेन्टको मात्रा बढ्न जान्छ । जसले बिरामी हुनबाट बचाउँछ । किसकिस र त्यसको पानीलाई कलेजो र किड्नीको बिरामीलाई निको पार्न प्रयोगमा आइरहेको छ ।

किसमिसको पानी लागातार ४ दिनसम्म पिउनाले कलेजो र किड्नीले राम्ररी काम गर्न थाल्छन् र शरीरमा जमेका हानिकारक पदार्थ सबै बाहिर निस्कन्छन् । किसमिस खान स्वास्थवर्द्धक छ भने त्यसको पानी पिउनाले पाचन प्रक्रियालाई दुरुस्त हुन्छ । रगत सफा हुन्छ । एसिडीटी कम हुन्छ । हृदय बलियो हुन्छ र खराब कोलेस्ट्रल टाढा हुन्छ । यो सबै फाइदा किसमिसको पानी पिउन थालेको दुई दिनमा नै देखा पर्नेछ । किसमिसको पानी २ कप पानीमा १५० ग्राम किसमिस राखेर बनाउन बनाउन सकिन्छ ।

# आइएसका गतिविधि किन सुस्ताए ?



विष्णु भट्टराई

आइएसआइएस जसलाई इस्लामिक स्टेट (आइएस) पनि भनिन्छ, संसारकै सबैभन्दा खतरनाक जिहादी समूह हो । इराकमा सद्दाम हुसैनको सत्ता पल्टिएपछि सिर्जना भएको अस्थिर अवस्थाको फाइदा इस्लामिक स्टेट अफ इराक (आइएसआई) ले उठायो। यो संगठन इराकमा अलकायदाको प्रतिनिधि थियो। सुन्नी मुस्लिम बाहुल्य क्षेत्रमा सद्भाव बटुल्दै शक्तिशाली बन्यो। सन् २०११ मा राष्ट्रपति बसर अल असदविरुद्ध आन्दोलन चर्किएपछि विद्रोही र सत्तापक्षबीचको लडाइँको घानमा सिरियाली जनता पिधिए। अस्थिर अवस्थाको फाइदा उठाउँदै आइएसआईले यहाँ पनि आफ्नो प्रभाव फैलायो। आइएसका लागि अस्थिर सिरिया 'सुरक्षित स्वर्ग' बन्यो। जहाँ हतियारको पहुँच सहज थियो।

यही समयमा इराकबाट अमेरिकी सेना हट्यो। जसको प्रत्यक्ष फाइदा उठाएर आइएसआईले त्यहाँका सुन्नी बाहुल्य क्षेत्र कब्जामा लियो। इराकका अल अन्वर, दियाला, बग्दाद र बाबुवा तथा सिरियाका राका, इदलिब, डेर इज जोर र एलिप्पो प्रान्त आइएसआईको कब्जामा आए। सन् २०१३ मा यस समूहको नाम 'इस्लामिक स्टेट इन इराक एन्ड द लेभान्ट' (आइएसआइएस वा आइएसआइएल, छोटकरीमा आइएस) भयो। यही वर्ष उसले आफ्नो नियन्त्रणमा रहेका क्षेत्रहरूलाई इस्लामिक राज्य 'क्यालिफेट' घोषणा गर्यो।

इराकी कुर्दिस अल्पसंख्यकको नियन्त्रणमा रहेको क्षेत्रमा उनले हत्या र हिंसाको वितण्डा मच्चायो। जसका कारण अमेरिकी नेतृत्वको बहुदेशीय सैनिक गठबन्धनले सन् २०१४ को अगस्टबाट यस समूहविरुद्ध हवाई हमला सुरु गरे। लगत्तै, अर्को महिना सिरियाली राष्ट्रपति बसर अल असदलाई सघाउन रुस छिर्यो। असद सरकार, इरान र रुस एकातर्फ, अमेरिका र उसका गठबन्धन सेना अर्कोतर्फ, अनि आइएस अर्कोतर्फ, सिरियामा भिन्ना-भिन्नै लडाइँ भयो।

गत डिसेम्बरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना सेनाले आइएसविरुद्धको लडाइँ जितेको घोषणा गरेका थिए। सिरियाबाट दुई हजार सैनिक फिर्ता बोलाउने उनको निर्णयले ठूलै हलचल ल्यायो। फेब्रुअरी १९ मा ट्रम्पको अर्को घोषणा आयो। उनले इस्लामिक स्टेट (आइएस) शतप्रतिशत परास्त भएको घोषणा गरे।

के आइएस समाप्तै भएको हो ? पछिल्लो दुई सातायता यो प्रश्नको जवाफ सर्वाधिक खोजिएको छ। सिरियाली युद्धलाई प्रत्यक्ष नियालिरहेका धेरै व्यक्ति यो तथ्य स्विकार्न तयार छैनन्। अमेरिकी सञ्चारमाध्यम सिएनएनका रिर्पोटर वेनविडम्यानले मार्च १ मा ट्विट गरेका छन्, 'म पछिल्लो २८ दिनदेखि सिरियामा युद्धको समाचार संकलन गरिरहेको छु। ट्रम्पले जे भने त्यो गलत छ।'

अहिले सिरियाको अबु कमल जिल्लास्थित बगुज फक्वानी इलाका मात्रै आइएसको नियन्त्रणमा छ। बिबिसीका अनुसार ५० वर्गकिलोमिटर क्षेत्रफलमा झन्डै १५ सयको संख्यामा आइएस विद्रोहीले कब्जा जमाएका छन्। कुनै समय पश्चिम सिरियादेखि पूर्व इराकसम्मको ८८ हजार वर्ग किलोमिटर क्षेत्रफल आइएसको कब्जामा थियो। सिरियामा अहिले आइएस अन्तिम सासका लागि छटपटाहटमा छ।

कुनै समय ८० लाख जनसंख्यामाथि शासन गरेको आइएसको त्रास भविष्यसम्म पनि कायमै रहने अमेरिकी रक्षामन्त्रालयका पूर्वअफिसर एफ माइकल मालोफ बताउँछन्। आइएसले भन्ने गरेको तदाकथित 'क्यालिफेट' पतन भए पनि उसको दर्शन फैलिँदै गएको विश्लेषकहरू बताउँछन्। 'आइएसले प्रभाव क्षेत्र गुमाएको हो । नेता, लडाकु, स्रोत, पैसा र दर्शन बाँकी नै छ,' अमेरिकी सैनिकको केन्द्रीय कमान्डका प्रमुख जनरल जोसेफ भोटेलले भनेका छन्।







आइएससँग अहिले कम्तीमा ५० देखि बढिमा ३ सय मिलियन अमेरिकी डलर रहेको हुन सक्ने बिबिसीको अनुमान छ। इराक र सिरियामा अझै पनि कम्तीमा १४ हजारदेखि १८ हजार हतियारधारी विद्रोही आइएसको साथमा रहेको अनुमान संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुट्रेसले गरेका छन्। यस समूहका प्रमुख अबु बकर अल बग्दादी कहाँ छन् भन्ने अझै खुलेको छैन। बग्दादीले कब्जामा पर्नु वा मारिनुभन्दा लुकेर बस्नु उपयुक्त सोचेका छन्। कुनै समय एकत्रित भएर इस्लामिक राज्य बनाउने अभियानमा लागेको आइएस अहिले संसारभर फैलिएर आतंक फैलाउने रणनीतिमा छ। इराक र सिरियामा अझै पनि धेरै संख्यामा विद्रोहीहरू छरिएर बसेका छन्।

अमेरिका समर्थित सिरियाली कुर्दिस विद्रोही एसडिएफले आइएसका झन्डै आठ सय विदेशी लडाकुलाई कब्जामा लिएको दाबी गरेको छ। इराकको बन्दीगृहमा पनि एक हजार विदेशी लडाकु रहेको बताइएको छ। उनीहरूमध्ये युरोपेली नागरिकको संख्या पनि ठूलो छ।

कुनै समय पश्चिम सिरियादेखि पूर्व इराकसम्मको ८८ हजार वर्गकिलोमिटर क्षेत्रफल आइएसको कब्जामा थियो । तर, परिस्थिति बदलिएको छ। ५० वर्गकिलोमिटर क्षेत्रमा आइएस खुम्चिएको छ। अमेरिकाले यी बन्दीहरूलाई फिर्ता लगेर जेलमा राख्न सम्बन्धित देशलाई आग्रह गरेको छ। तर, ती देशहरूले आइएसमा गइसकेका बन्दीहरूलाई फिर्ता गर्दा आफ्नो सुरक्षा चुनौती थपिने अनुमान गरेका छन्। 'विद्रोहीहरूलाई जेलमा राख्न पर्याप्त प्रमाण पुग्नुपर्छ। जुन चुनौतीपूर्ण छ, उनीहरूलाई खुला रूपमा सडकमा हिँड्न दिन पनि सकिँदैन,' जर्मनीको स्पिुटन्युज डट कमले लेखेको छ। सिरिया र इराकमा युद्ध अवधिभर आइएसले ४० हजार विदेशी झिकाएको अनुमान गरिएको छ। यात्रामा निस्किएका धेरै सदस्यको पहिचान अझै हुन बाँकी छ। सन् २०१७ को अक्टुबरपछि ५६ सय जना आफ्नो घर फर्किएको बताइएको छ। पहिचान हुन बाँकी रहेका ती विद्रोही सम्बन्धित देशका लागि अझै चुनौती हुन सक्छन्।

आइएस हटाउने नाममा सिरियामा शक्तिराष्ट्रबीच अघोषित संघर्ष चल्यो। जसका कारण युद्ध लम्बिएको छ। सर्वसाधारण मारमा छन्। सिरियाली राष्ट्रपति बसर अल असदको नेतृत्वमा रहेको सेनाले रुसी सेना र इरानको समर्थित सैन्य दस्ताको सहयोगमा युद्ध लड्दै आएको छ। त्यस्तै, अमेरिकी नेतृत्वको गठबन्धन सेनाले एसडिएफ, सिरियाली कुर्दिस, अरब फाइटर्स र दक्षिणी मरुभूमिमा रहेका केही सिरियाली अरब विद्रोही समूहसँग सहकार्य गरेको छ। अमेरिकी नेतृत्वको गठबन्धनमा अस्ट्रेलिया, बहराइन, फ्रान्स, जोर्डन, नेदरल्यान्ड, साउदी अरेबिया, टर्की, युएई र बेलायतको साथ छ। इराकमा इराकी सेनाले अमेरिकी गठबन्धन र इरान समर्थित सैन्यदस्ता दुबैको साथ पायो।

लन्डनस्थित मानवअधिकारका लागि सिरियाली पर्यवेक्षण संस्थाले कम्तीमा तीन लाख ६७ हजार बढीको मृत्यु भएको प्रतिवेदन तयार गरेको छ। त्यसमध्ये एक लाख ११ हजारभन्दा धेरै सर्वसाधारण रहेको प्रतिवेदनमा उल्लेख छ।

संयुक्त राष्ट्रसंघका अनुसार इराकमा सन् २०१४ यता कम्तीमा ३१ हजारले ज्यान गुमाएका छन्। तर, इराकी अधिकारकर्मीहरू यस अवधिमा कम्तीमा ७० हजारले ज्यान गुमाएको बताउँछन्। युद्धका कारण कम्तीमा ६६ लाख सिरियाली आन्तरिक रूपमा विस्थापित भएका छन्। कम्तीमा ५६ लाख विदेशमा शरण लिन बाध्य छन्। युद्ध सुरु भएयता इराकबाट सन् २०१३ देखि २०१७ सम्म प्रत्येक वर्ष २० लाखभन्दा धेरैले बसाइसराइ गरे। अहिलेसम्म अमेरिकी गठबन्धनले सिरियामा ३३ हजार पटकभन्दा बढी हवाई हमला गरिसकेको छ। रुसी हवाई सेनाले ३९ हजारभन्दा बढी उडान भरेको दाबी गरेको छ।

*एजेन्सीको सहयोगमा*

# फेवतालको धार्मिक महत्व



आन्तरिक तथा बाह्य पपर्यटकीय नगरीका रुपमा ख्याति कमाएको पोखरामा पुग्ने जो कोही पर्यटकले घुम्न नछुटाउने धार्मिक पर्यटकीय तीर्थस्थल हो तालबाराही मन्दिर । माछापुच्छ्रे हिमालको छाया देखिने फेवा तालको बीच भागमा रहेको सानो टापुमाथि प्यागोडा शैलीको मन्दिर अवस्थित छ र यसलाई प्राचीनकालदेखि तालबाराही मन्दिरका रुपमा पुजिँदै आइएको छ ।

तालको बीचमा रहेका कारण तालबाराही हुन गएको सहजै अनुमान गर्न सकिने यो मन्दिर नेपालका प्रमुख शक्तिपीठमध्ये एक मानिन्छ । अति प्राचीन मन्दिरका रुपमा चिनिए पनि यसलाई कसले र कहिले निर्माण गरेका हुन् भन्ने यकिन तथ्य भने अनुसन्धानकै पर्खाइमा छ ।

'तालबाराही मन्दिर' संरक्षण गुठी व्यवस्थापन समितिका अध्यक्ष हिक्मत कुँवरका अनुसार यस मन्दिरको अस्तित्व विसं १६६७ देखि कायम रहिआएको छ । कतै कतै विसं १४४७ देखि अस्तित्वमा रहेको भन्ने पनि अभिलेख पनि पाइएको छ । कास्कीका राजा कुल मण्डन शाहले मन्दिरमा खरको झुप्रो हालेर पहिलो पटक मन्दिर स्थापना गरेका थिए ।

पर्यटन

visit nepal 2020 Lifetime Experiences

प्राचीनकालमा माटाको ढिस्कामा एउटा शिला थियो त्यहीँ मन्दिर स्थापना गरी बाराहीका रूपमा पूजाआजा गर्न थालिएको किंवदन्ती छ । किंवदन्ती अनुसार तालको बीचमा टापु बनेको र त्यहीँ मन्दिर स्थापना गरिएको इतिहास निकै रोचक छ। बाराही देवीको शक्तिले तालको बीचमा टापु बनेको विश्वास छ ।

तालबाराही देवी सन्न्यासीको भेषमा रातको समय मन्दिर रहेको वरपरको गाउँ पुग्दा अरू कसैले बास दिएनछन् । एउटी बूढीआमाले बास दिएर रातमा आफूसँग भएको ढुटाको रोटी खान दिनुभएछ ।

दृश्रुतिअनुसार भोलिपल्ट बिहान बूढीआमालाई देवीले अब यहाँ जलमग्न हुन्छ त्यहाँ गएर बस्नु भनेकामा ठूलो बाढी भएर जलमग्न भयो र बीच भागमा ढिस्को मात्रै रह्यो । विसं २०१७ मा राजा महेन्द्रले अहिलेको स्वरूपमा मन्दिर निर्माण गरिदिएपछि यसले थप चर्चा पाउन थालेको हो ।

फेवाताल र यसको बीचमा अवस्थित तालबाराही मन्दिरको दर्शन गर्न वर्षभरि नै दर्शनार्थी आउने गर्दछन् । "पोखरालाई पर्यटकीय रुपमा चिनाउन फेवाताल यहाँको महत्वपूर्ण सम्पत्ति हो," पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष एवम् नेपाल पर्यटन व्यवसायी सङ्घ ९निट० पोखराका अध्यक्ष सोम थापाले भन्नुभयो, "पोखराको गहना फेवाताल हो भने फेवातालको गहना तालबाराही मन्दिर हो ।"

# आश्चर्यजनक भोस्टोक सैन्य अभ्यास

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र चीनलाई अन्तरिक्षमा लड्न आउनका लागि चेतावनी दिँदै गर्दा रुस र चीनले एउटा ठूलो सैन्य अभ्यास गरे यो पृथ्वीमा । त्यो थियो भोस्टोक सैन्य अभ्यास । भोस्टोकको रुसी भाषामा पूर्वी भन्ने मात्र हुन्छ ।

यो सैन्य अभ्यास सन् २०१८ को सेप्टेम्बर ११ देखि १५ तारेखसम्म पाँच दिनसम्म लगातार रुसको भोस्टोकमा गरिएको थियो । यसलाई पृथ्वीमा गरिएको हालसम्मकै सबैभन्दा ठूलो र खतरनाक सैन्य अभ्यासका रूपमा लिइएको छ ।

यो सैन्य अभ्यास संयोगवस अमेरिकामा सेप्टेम्बर ११ मा ट्वीन टावर ढलेकै दिनबाट सुरु गरिएको थियो। त्यही दिन पारेर एसियास्थित विश्व महाशक्ति राष्ट्रहरू रुस र चीनले संयुक्त रूपमा गरेको सैन्य अभ्यासको विश्वभर र विशेषगरी पश्चिमा राष्ट्रहरूमा निकै टीकाटिप्पणी पनि गरिएको थियो । यो अभ्यास रुस-चीनविरोधी शक्तिका लागि एक जबर्जस्त फौजी चुनौती पनि थियो । अमेरिकी राष्ट्रपति ट्रम्पले रुसी तथा चिनियाँहरूको ध्यान अन्तरिक्षमा लैजान खोज्दा यही पृथ्वीमा अमेरिकाविरुद्ध लड्न सक्ने ताकत र प्रविधि मौजुद छ भनेर यो चुनौती खडा गरिएको थियो, त्यो पनि व्यावहारिक प्रदर्शन नै गरेर ।

यसले त्यति बेलैबाट अमेरिकाले सुरु गरेको व्यापार युद्धमा आगोमा घिउ थपेको थियो । यसले रुस-अमेरिका बीचमा बढिरहेको तनावलाई थप तन्काउन मद्दत गरेको थियो । यसलाई तत्कालीन अमेरिका तथा तत्कालीन सोभियत रुसबीचमा चलेको शीतयुद्धसँग निकै तुलना गरिएको पनि थियो ।

भनिएको पनि थियो कि यो सैन्य अभ्यास तत्कालीन रसियाका अति प्रभावशाली राष्ट्रपति जोसेफ स्टालिनको पालामा गरिएको सैन्य केन्द्रीकरणभन्दा पनि ठूलो र सशक्त थियो । यसमा केही कुराहरूले निकै महत्व राखेका थिए । पहिलो कुरा त यो आफैंमा रणनीतिक महत्वको सैन्य अभ्यास थियो, जसले राजनीतिक, फौजी, प्राविधिक, क्षेत्रीय, महाद्विपीय, भौगोलिक आदि सबैको महत्व उजागर गरेको थियो ।



दोस्रो कुरा, यो सैन्य अभ्यासबाट रुस र चीनले ठूलो सैन्य ताजगी प्राप्त गरेका थिए । यो सैन्य अभ्यासको बहानामा यी दुवै देशले हालसम्म निर्माण गरिएका अस्त्रशस्त्रको खुला प्रयोग र परीक्षण पनि गरेका थिए। यी अस्त्रहरूको परीक्षणपछि रुसबाट भारतले सुखोइ नामक वायुअस्त्र खरिद पनि गरिसकेको छ। यो अभ्यासले रुस-चीनलाई लडाइँको तयारीको अवस्थामा पनि राखेको छ ।

सैन्य अभ्यासमा ३ लाख रुसी सैनिक प्रत्यक्ष सहभागी भएका थिए । यो महासैन्य अभ्यासमा ३६ हजार आधुनिक बख्तरबन्द ट्यांकहरू, १ हजारभन्दा बढी आधुनिक लडाकु विमान र रुसले भर्खरै निर्माण गरेका आधुनिक अस्त्र प्रयोग गरिएका थिए

अर्को महत्वपूर्ण कुरा भनेको यो अभ्यास ठूलो स्केलमा गरिएको थियो । यो लगभग महाद्विपीय स्केलको अभ्यास थियो । यसको सन्देश थियो, 'विश्वयुद्ध भए पनि हामी तयार छौं ।' यसका साथै अब संसार एक ध्रुवीय होइन, बहुध्रुवीय रहेको छ भन्ने थियो ।

यो सैन्य रूपमा पनि सत्य हो भन्न खोजिएको थियो । यो अभ्यासले अमेरिका विरोधी सैन्य अलायन्स निर्माण गर्न मद्दत गरेको थियो । यसले रणनीतिक सैन्य सम्बन्धलाई विस्तार गरेको थियो ।

संरक्षणवादी नीति लिएर अमेरिका विश्वबाट घर फर्कंदै गर्दा अमेरिकी राष्ट्रपति ट्रम्पले 'नेटो' अब काम नै लाग्दैन भनिरहेको बेला 'बार्सा'को झझल्को दिने गरी यो सैन्य अभ्यास सम्पन्न भएको थियो ।

यो सैन्य अभ्यासमा ३ लाख रुसी सैनिक प्रत्यक्ष सहभागी भएका थिए। यो महासैन्य अभ्यासमा ३६ हजार आधुनिक बख्तरबन्द ट्यांकहरू, १ हजारभन्दा बढी आधुनिक लडाकु विमान र रुसले भर्खरै निर्माण गरेका आधुनिक अस्त्रहरू प्रयोग गरिएको थियो ।

यी अस्त्र प्रयोगका लागि आगामी दिनमा 'टेस्टेड' भइसकेका छन्, बिक्रीका लागि पनि र युद्धका लागि पनि । क्रेमलिनले यसलाई 'आक्रामक र अमित्रवत' व्यवहारको जवाफ भनी परिभाषित गरेको थियो ।

यस अभ्यासमा १० लाख सैन्य शक्ति, जसमा जल, थल र वायु तीनैथरि, व्यावहारिक रूपमा नै फौजी युद्धमा सहभागी भएका थिए। चीनका तर्फबाट भने ३ हजार २ सय सेना र ९ सय विभिन्न आधुनिक हतियार तथा ३० लडाकु विमान प्रयोग भएका थिए ।

चर्चामा रहेका रुसी सैंन्य अस्त्रमा सुखोइ सु-३५ फाइटर जेट, सुखोइ सु-३४ फूलब्याक फाइटर बम्बर र अत्याधुनिक ट्यांक, ब्याटल ट्यांक तथा क्रुज मिसाइल आदि थिए ।

प्रेरक

## बुद्ध र माझी



भगवान् बुद्ध एकपटक घुम्दै नदी किनारमा पुगे । त्यहाँ एउटा माझी जाल हालेर माछा समातिरहेका थिए । फर्लुङमा राखिएका माछा पानीको अभावमा तड्पी तड्पी मरिरहेका थिए । यो देख्दा बुद्ध ज्यादै द्रवीभूत भए र माझीको नजिक गएर सोधे- तिमी यो निर्दोष माछालाई किन समातिरहेका छौ ? माझीले भने- म यिनलाई समातेर बजारमा लगेर बेच्छु र धन कमाउँछु । बुद्धले भने- तिमी यी माछाको मूल्य मसित लेऊ र यिनलाई छाडिदेऊ ।

बुद्धको कुरा सुन्दा माझी खुसी भए । उनलाई बजार जानु पनि परेन र पैसा पनि आयो । बुद्धले मूल्य चुक्ता गरे र ती तड्पिरहेका माछालाई नदीमै छोडिदिए । बुद्धको हर्कत देखेर माझी चकित भए । उनले बुद्धलाई सोधे- 'महाराज, तपाईंले यी माछा किनेर फेरि किन नदीमै छाडिदिनुभयो ? बुद्धले भने- मैले यिनलाई पुनः जीवन दिन सकिन्छ कि भनेर किनेको हुँ । कसैको हत्या गर्नु पाप हो । कसैले तिमी वा तिम्रा आफन्तको घाँटी रेटेर हत्या गरिदियो भने तिमी वा तिम्रा आफन्तलाई कस्तो लाग्ला ?

बुद्धले फेरि भने- जसरी हावा र पानी नपाए मानिस बाँच्न सक्दैन, त्यसैगरी माछा पनि पानी नपाउँदा तड्पी तड्पी मर्छन् । यी निर्दोष माछा तड्पेको तिमी कसरी हेर्न सक्छौ ? बुद्धको कुरा सुनेर माझीका आँखा खुले । उनले हात जोडेर भने- महाराज म एउटा चित्रकार पनि हुँ । अब प्राणी हत्याको मार्ग छाडेर चित्रकारिताबाट आफ्नो आजीविका चलाउनेछु । त्यसपछि हिसा छाडेर ती माझी एक सफल चित्रकार बने ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । नयाँ काम प्रारम्भ हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

### बृष

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मिथुन

आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । काममा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । अरूको करकापमा परेर इच्छाविपरीत काम गर्नुपर्ला । समय दिन नसक्दा अध्ययनमा पछि परिनेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने वा आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । केही खर्च लागे पनि प्रयत्न गर्दा देश-विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।

### कर्कट

आम्दानीका स्रोत सबल देखिए पनि काममा खर्च बढ्नेछ । नपुग रकम कर्जामार्फत जुटाउनुपर्ला । श्रमको उचित मूल्यांकन भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ । व्यापार बढे पनि लाभांश कमजोर हुने देखिन्छ । विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला । आँटेको काममा अरूको मुख ताक्नाले सोचेको प्रतिफल हातलागी नहुन सक्छ ।

### सिंह

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा उठाउन सकिनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । महत्त्वाकांक्षाले लक्ष्यमा पुर्‍याउन सक्छ, कर्तव्यपरायण रहनुहोला ।

### कन्या

अवसरसँगै चुनौतीसमेत देखा पर्नेछन् । सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू प्रशस्तै फेला पर्नेछन् । होसियारीसाथ काममा जुट्नुहोला । शुभचिन्तकहरूले भने राम्रै सहयोग जुटाउनेछन् । सामाजिक कामको जिम्मेवारी बढ्नेछ । फाइदाका स्रोत पहिचान गर्न सकिनेछ । अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ ।

### तुला

सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । परिबन्धले चुनौती निम्त्याउन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला । केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ ।

### वृश्चिक

लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला । सामान्य कामलाई सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ । आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ । वचन पूरा गर्न नसक्दा आलोचित भइनेछ । परिस्थिति र सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला । हडबडीले घर–व्यवहारमा समस्या निम्त्याउनेछ ।

### धनु

भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ । अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ । पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । चुनौती चिर्दै काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ ।

### मकर

विवादास्पद काममा जुट्नुपर्दा प्रतिफल पनि प्रभावित हुन सक्छ । आफ्नै कमजोरीले लक्ष्यमा पुग्न समय लाग्नेछ । राम्रो नतिजा हातपार्न काम दोहोर्‍याउनुपर्ला । अरूको भरले मात्र आफ्ना काम पूरा नहुन सक्छन् । तापनि अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । मनको डर उत्साहमा रूपान्तरित हुनेछ । मिहिनेतले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ ।

### कुम्भ

आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त बन्नुपर्ला । बिनाकारण आफन्त, साथीभाइ टाढिन सक्छन् । साझेदारसँग असमझदारी देखिने हुँदा सजग रहनुहोला । दोहोर्‍याएर प्रयत्न गर्दा काम बन्न सक्छ ।

### मीन

सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । प्रतिस्पर्धीहरू पछि पर्नेछन् । मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ ।

## "वीरविक्रम २" जेठमा

म्युजिक भिडियो हुँदै फिल्म दुनियाँमा प्रवेश गरेका अभिनेता पल शाह फिल्म 'शत्रु गते' रिलिजको एक वर्षपछि पर्दामा फर्किंदैछन् । उनी अभिनीत नयाँ फिल्म 'वीरविक्रम २' आउँदो जेठ ३ गतेबाट प्रदर्शनमा आउँदैछ । यसका निर्देशक मिलन चाम्स हुन् । यो फिल्म रिलिजभन्दा अगाडि उनी 'वितेका पल' फेम निर्देशक सुरज सुब्बा नाल्बोको फिल्म 'हृदय भरी' गर्दैछन् ।

शहरिया युवापुस्तामा लोभलाग्दो क्रेज भएका उनले सामाजिक सञ्जालमा बेला बखतमा मनको 'भडास' पोख्ने गरेका छन् । केही हप्ता अगाडि फिल्म 'दाल भात तरकारी' को पहिलो गीत 'भिजिट भिषा' सार्वजनिक कार्यक्रममा अभिनेत्री आँचल शर्माले पत्रकारसँग माफी मागेपछि उनको समर्थनमा फेसबुकमा स्टाटस लेख्दै पल पत्रकारविरुद्ध खनिएका थिए । आँचललाई समर्थन गरेर पलले पत्रकारमाथि भएभरको रिस खन्याउनुलाई कसैले आश्चर्यजनक रुपमा लिएनन् । किनभने, केही वर्षयता उनीहरु प्रेममा रहेको चर्चा छ । उनको फेसबुक स्टाटसले पत्रकारविरुद्ध खनिएर आँचलप्रति प्रेम दर्शाएको कतिपयको विश्लेषण थियो । आँचलले आफूलाई समर्थन गरेको भन्दै पललाई धन्यवाद पनि दिएकी थिइन् ।

यसबीच, पलले फेरि फेसबुक स्टोरीमार्फत् कसैप्रति घुमाउरो भाषामा चोटिलो प्रहार गरेका छन् । उनले शनिबार दिउँसो फेसबुक स्टोरीमा लेखेका छन्, 'तरण आदर्श नभएको देश नेपाल । नेपाली फिल्म इन्डस्ट्रीको प्रगति हुँदैछ । जय नेपाल ।' उनको यो प्रहार कोप्रति लक्षित थियो ? अनुमान लगाउन घोत्लिनै पर्छ । बताइदिउँ कि, तरण भारतका नामी फिल्म समीक्षक र ट्रेड एनालिस्ट हुन् ।

## "जानी नजानी" को शीर्ष गीत सार्वजनिक

चैत १ गतेबाट देशभर प्रदर्शनमा आउन लागेको बसन्त अधिकारी निर्देशित फिल्म 'जानी नजानी' को शिर्ष गीत युट्युब रिलिज भएको छ । अञ्जु पन्त र प्रताप दासको स्वरमा रहेको गीतमा अर्जुन पोखरेलले संगीत भरेका छन् । गीतका रचनाकार मोदनाथ खनाल हुन् । गीतको भिडियोमा फिल्मका लिड कलाकार मनिष सुन्दर श्रेष्ठ र निरिशा बस्नेत फिचर्ड छन् । गीतले यी दुईको प्रेमभाव बोल्छ । भिडियोमा नव( अभिनेत्री निरशा निकै बोल्ड देखिएकी छन् । हिन्दी सिरियल 'चन्द्रनन्दिनी' मा काम गरिसकेकी उनको यो फिल्म डेब्यू हो । यो फिल्ममा मनिष र निरिशासँगै सन्नी सिंह, नम्रता सापकोटा, प्रकाश अधिकारी, कृष्ण भक्त महर्जन, रोशनी केसी लगायतको पनि अभिनय रहेको छ । आधुनिक प्रेमकथामा आधारित भनिएको फिल्ममा छायांकन संजय लामाको रहेको छ । फिल्मकी प्रस्तुतकर्ता रोशनी केसी हुन् । मोदनाथ खनाल र सागर काजी मालीले यसलाई निर्माण गरेका हुन् ।

## "क्याप्टेन" पाइरेसीको शिकार

अभिनेता अनमोल केसी अभिनीत फिल्म 'क्याप्टेन' पाइरेसी भएको छ । 'प्रेम किंग चान' नामक एक युट्युब च्यानलमा हलमा फिल्म हेर्दै गर्दा मोबाइलबाट खिचिएको पूरा फिल्म दुई दिन अगाडि अपलोड गरिएको छ । फिल्म हेर्ने दर्शकको संख्या भने भर्खर ५० को आसपास छन् । पाइरेसी भएको यो फिल्म विस्तारै डाउनलोड र सामाजिक सञ्जालमा भाइरल हुने देखिएको छ ।

बलियो कानुन नहुँदा फस्टाईरहेको अनलाइन पाइरेसीको मारमा 'क्याप्टेन' पनि परेको हो । बिशेषतः प्रदर्शन भईरहेका फिल्म एक्कासी अनलाइनबाट पाइरेसी हुँदा निर्माताले लाखौंको घाटा बेहोर्नु पर्ने अवस्था हुन्छ । यसअघि प्रदर्शनरत अवस्थामा 'बाटो मुनिको फूल', 'छड्के', 'ड्रिम्स', 'छक्का पञ्जा' लगायत थुप्रै फिल्म अनलाइन पाइरेसी भएका थिए । फिल्म 'क्याप्टेन' पाइरेसी भएपछि निर्माण युनिट तनावमा छ । शुक्रवारबाट दोस्रो सातामा प्रदर्शन सुरु गरेको यो फिल्म पाइरेसी हुँदा अब त्यसको प्रत्यक्ष असर अन्तराष्ट्रिय बजारमा पुग्नेछ । निर्माण युनिट पाइरेसीकर्तालाई कारवाही माग गर्दै प्रहरी प्रशासनको ढोका ढक्ढक्याउन पुग्छ वा पुग्दैन ? त्यो भने हेर्न बाँकी छ । फिल्मले पहिलो हप्ता राम्रो व्यापार गरेको थियो ।

## "जात्रै जात्रा" ले तोक्यो रिलिज मिति

सफल चलचित्र 'जात्रा'को सिक्वेलको रुपमा बनेको 'जात्रै जात्रा' चलचित्रले आफ्नो प्रदर्शन मिति तय गरेको छ । चलचित्रका प्रस्तुतकर्ता रविन्द्र सिंह बाँनियाका अनुसार, अब यो चलचित्र वि.सं २०७६ साल वैशाख २७ गतेबाट रिलिज हुनेछ । चलचित्रलाई प्रदिप भट्टराइले निर्देशन गरेका हुन् । 'जात्रै जात्रा'ले सुरुवातमा फागुण १७ गतेलाई प्रदर्शन मिति तय गरेको थियो । तर, चलचित्रका मुख्य नायक विपिन कार्कीको बाइक दुर्घटनामा परेर खुट्टा भाँचिएपछि चलचित्रको छायांकन प्रभावित भएको थियो । चलचित्रको छायांकन प्रभावित भएका कारण प्रदर्शन मिति पनि प्रभावित भएको थियो । योसँगै बैशाख महिनामा आशा गरिएका २ चलचित्र 'दाल भात तरकारी र जात्रै जात्रा' रिलिज हुने भएका छन् ।

*अनलाइनहरुबाट*

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Proliferate = छिट्टै सर्वत्र फैलने गरी पड्काउनु Powerful countries tend to proliferate nuclear bomb as test to show their strenght (शक्तिशाली देशहरू आफ्नो शक्ति प्रर्दशन गर्न आणविक बम परीक्षण गर्ने नाउमा पड्काउने गर्दछन्)

Pyromaniac = जे कुरा पनि आगोमा हाल्ने प्रवृत्ति भएको मान्छे The pyromaniac who set fire and ran away was non other than his brother (आगो लगाई भाग्ने प्रवृत्तिको मान्छे उसको भाइबाहेक अरू कोही होइन)

Rubble = क्षतिबाट बाँकिरहेको Even after 40 years of earthquake, rubble can be seen everywhere here (भूकम्प गएको ४० वर्ष भइसक्दा पनि भूकम्पीय क्षतिबाट भत्की बाँकिरहेका कुराहरू यहाँ देख्न सकिन्छ)

Supposition = अनुमान I do not believed in newspaper articles because they are mostly based on supposition (खबर पत्रिकामा निस्किएका लेखमा म विश्वास गर्दिनँ किनकि ती अनुमानको भरमा लेखिएका हुन्छन्)

Tundra = रुखहरू नभएको ठाउँ Alpine land above 4000 mt. is regarded as tundra zone because there are no trees rather bushes (४००० मिटर माथिको भूभागलाई तुन्द्रा प्रदेश मान्न सकिन्छ किनकि त्यहाँ रुखहरू नभई झाडीमात्रै पाइन्छन् )

Unprepossessing = आकर्षक नभएको The adolescents tend always to look at the mirror with the fear whether their face is unprepossessing (जवानीको खुडकिलामा चढ्न लागेकाहरू कतै आफ्नो अनुहार हेर्न लायकको छैन कि भन्ने डरले ऐनामात्रै हेरिरहने गर्दछन्)

Vituperative = फोहोरी भाषा Being gentlemen they never do vituperative dialogue -भलाद्मी भएका हुँदा तिनीहरू कहिले पनि फोहोरी भाषामा वादविवाद गर्दैनन्)

Witticism = शब्दजालपूर्ण I rather like people who criticize openly than those who use witticism (मलाई शब्दजाल पूर्ण तरिकाले भनेर चित्त दुखाउने मान्छेभन्दा खुलेरै आलोचना गर्ने मान्छे मनपर्छ)

Assiduous = मेहनतपूर्ण It took him years of assiduous labor to complete his research (अनुसन्धान पूरा गर्न उसलाई वर्षौंको मेहनत लाग्यो)

Brazen = खस्रो र घोच्ने खालको, तिखो He was punished for the brazen contempt of the court अदालतको तिखो अनादर गरेकोमा उसलाई दण्डित गरियो)

## वरिष्ठ पत्रकार भारतदत्त कोइराला प्रेस काउन्सिलमा



काठमाडौं । प्रेस काउन्सिल नेपालका पूर्व सदस्य तथा वरिष्ठ पत्रकार भारतदत्त कोइरालाले २०७५ फागुन २७ गते सोमबार प्रेस काउन्सिल नेपालको अवलोकन भ्रमण गर्नुभएको छ । प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठसँगको छलफलका क्रममा मिडियामा पत्रकार आचारसंहिता कार्यान्वयनमा सहकार्यसम्बन्धी प्रस्ताव राख्नु हुँदै कोइरालाले भन्नुभयो –'देश नयाँ व्यवस्थाको चरणमा छ । संक्रमणकालीन अवस्थाले पत्रकारिता मात्र होइन सबै क्षेत्रमा केही अस्तव्यस्तता, अन्यौल छ । तर दक्षिण एशियामा हाम्रो पत्रकारिता बढी सशक्त र सबल नै छ । पत्रकारितामा शैक्षिक ज्ञान प्राप्त व्यक्तिहरु पलायन भइराखेका छन् । पत्रकारिता पेसा मर्यादित र जिम्मेवार बनाउनका लागि अलिकति चेतना जगाउन, मिडिया इथिक्स कार्यान्वयन आवश्यक छ । नियन्त्रण गर्ने शासकहरु आए भने भेनेजुएला र फिलिपिन्सको अवस्था आउन पनि सक्छ ।'

कार्यवाहक अध्यक्ष श्रेष्ठले सीमित स्रोत-साधनले लागेर पुगेसम्म आचारसंहिता जागरणसम्वन्धी छलफल, अन्तर्क्रिया कार्यक्रम एवं पत्रकारको उपचारमा सहयोग, उपकरण खरिदमा अनुदान दिँदै आएको जानकारी गराउनु हुँदै भन्नुभयो- मिडियालाई नियन्त्रण होइन नैतिक बन्धन अपरिहार्य छ, हामी सामाजिक सञ्जालमा पत्रकारका गतिविधिसमेत अध्ययन गर्दै आएका छौं ।' मिडिया काउन्सिल ऐन आउन लागेको जानकारी दिनु हुँदै प्रेस पास दिने र गम्भीर प्रकृतिको गल्ती गरेमा सस्पेन्ड गर्ने अधिकार काउन्सिललाई ऐनमा व्यवस्था भए बेस हुने रायसहित उहाँले सैनिक, श्रम, प्रशासकीय अदालत भएजस्तै प्रेसको मात्रै मुद्दा हेर्न प्रेस इजलास गठनसम्वन्धी मस्यौदा सरकारसमक्ष पठाइएकोजानकारी दिनुभयो ।

रेडियो नेपालका प्रथम समाचारवाचक, गोरखापत्र संस्थानका पूर्व सम्पादक, पूर्व महाप्रवन्धक कोइरालाको पहलमा नेपाल प्रेस इन्स्टिच्युट स्थापना र पत्रकारिता विषयमा अनौपचारिक शिक्षा शुरुवात भएको हो । नेपाली पत्रकारिता, साहित्य र सञ्चार कलाको सृजनात्मक कार्यमा चार दशक लामो अनवरत योगदान गरेबापत एशियाको नोवेल पुरस्कार–रोमन म्यागसेसे पुरस्कारबाट सन् २००२ मा सम्मानित कोइरालाको जन्म सन् १९४२ फेब्रुअरी ३ काठमाडौंमा भएको हो ।

## Make बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Make up for something = क्षतिपूर्ति दिनु Nothing can make up for the loss of a beloved leader can not make up लोकप्रिय नेताको मृत्युको कारण भएको क्षतिपूर्ति केहीबाट पनि पूर्ति हुँदैन ।

Make up somebody for = क्षतिपूर्ति कोही व्यक्तिलाई दिनु How can she make up for the way she treated me ? जुन तरिकाले तिनले मसँग व्यवहार गरिन् त्यसको क्षतिपूर्ति तिनले कसरी गर्न सक्छिन् र ?

Make up to somebody = कसैलाई खुसी बनाउनु She always tries to make up to the boss तिनी सधैं हाकिमलाई खुसी बनाउने कोसिस गर्छिन् ।

Make up with somebody = मित्रताको हात बढाउनु Why should I make up with him if he does not want ऊ चाहँदैन भने म चाहिँ किन उसँग मित्रताको हात बढाउनु ।

Make with something = तयार गर्नु Make me something to eat with this flour यो पिठोको केही खानेकुरा बनाइदेउ न मलाई ।

Make it with somebody = यौन सम्पर्क गर्नु I saw Robert making it with Paola inside the car रोवर्टले पाओलासँग कारभित्रै यौन सम्पर्क राखेको मैले देखे ।

Make up of = तयार गर्नु She made up a basket of fruit for the journey यात्राको लागि तिनले एक बास्केट फलफूल तयार गरिन् ।

Make up for = मिल्ने बनाउनु Can you make up this shirt for me तिमीले यो कमिज मलाई मिल्ने बनाइदिन सक्छौं ?

Making up = थप्नु If we still remain here outside, the fire needs making up हामी अझै यही बाहिर बसिरहने हो भने आगोमा दाउरा थप्नु पर्छ ।

## सुडोकु-अंक १४२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | | | २ | | | ६ | |
| | ५ | ६ | ८ | | ३ | २ | ७ | |
| | | | ५ | | १ | | | |
| ४ | | | | | | | | ८ |
| | १ | | | | | | ९ | |
| ७ | | | | | | | | ३ |
| | | | ६ | | ५ | | | |
| | ७ | ५ | ३ | | ९ | ८ | १ | |
| | ३ | | | ८ | | | ४ | |

## अंक १४१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | २ | १ | ७ | ५ | ६ | ९ | ८ |
| ६ | १ | ९ | ४ | २ | ८ | ३ | ५ | ७ |
| ७ | ८ | ५ | ३ | ६ | ९ | ४ | १ | २ |
| ४ | ७ | १ | ६ | ९ | ३ | २ | ८ | ५ |
| ९ | ५ | ८ | २ | ४ | ७ | १ | ६ | ३ |
| २ | ६ | ३ | ८ | ५ | १ | ९ | ७ | ४ |
| ५ | ९ | ६ | ७ | ३ | ४ | ८ | २ | १ |
| ८ | ३ | ७ | ९ | १ | २ | ५ | ४ | ६ |
| १ | २ | ४ | ५ | ८ | ६ | ७ | ३ | ९ |

# खै के गऱ्यो WTO ले अति गरिब राष्ट्रलाई ?

**सुधा कार्ल**

९० को दशकभन्दा अगाडि विश्व पुँजीवादी र समाजवादी गरी दुई ध्रुवमा विभाजित थियो । यिनीहरुबीच चलेको लडाइँलाई शीत युद्ध भनिन्थ्यो । दुई ध्रुवमा लाग्न नचाहने र भर्खरै उपनिवेशबाट स्वतन्त्र भएका मुलुकहरुले आफूलाई असलंग्न राष्ट्र भनेर तेस्रो ध्रुव खडा गरी छुट्टै मंच बनाए तापनि उनीहरुलाई आवश्यक विकासको सहयोग भने यिनै दुई ध्रुवका देशहरुबाट लिने कारण विश्व राजनीतिमा असंलग्न राष्ट्रहरुको पहिचान र महत्व त्यति स्थापित हुन सकेन ।

झन् त्यसमाथि भारतले सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गरी त्यसको बलमा आफूभन्दा कमजोर राष्ट्र पाकिस्तानलाई विखण्डन गरी बंगलादेश बनाउने अनि सिक्किमको स्वतन्त्र अस्तित्वमाथि धावा बोली त्यसलाई आफूमा विलय गराउनेजस्ता हरकतले असंलग्न राष्ट्रहरुबीच नै सहयोग त कता हो कता झन् विवाद चुलिएको देखियो । यद्यपि अमेरिका र सोभियत संघ गरिब राष्ट्रहरुको विकासमा सहयोग गरी आफूतिर आकर्षित गर्ने होडबाजी नै चलेको कारण शीत युद्ध बेस्सरी चुलिएको थियो । तर ९० को दशकपछि सोभियत संघसँगै पूर्वी युरोपेली देशहरुमा समाजवादको पतन भई विश्व एक ध्रुवीय हुनासाथ शीत युद्धको अन्त्य हुन गयो र सहयोग र विकासको राजनीतिले क्रमशः विश्राम लिन शुरु गरे ।

पहिले दुई पक्षीय व्यापारलाई कित GATT (General Agreement on Tariff and Trade) ले निर्देशित गरेको थियो भने बहुपक्षीय व्यापारलाई साझा बजारको अवधारणाले प्रभावित गरेको थियो जसनुरुप बेनेलक्स तन्कदै गएर युरोपेली साझा बजारको रुपमा युरोपेली आयोग, दक्षिण पूर्व एसियामा आसियानको साझा बजार हुँदै सार्क, बिमस्टिक बन्न थाली स्वतन्त्र ब्यापार क्षेत्र खडा हुन थाले । अब विकसित राष्ट्रहरु गरिब राष्ट्रहरुलाई सहयोग होइन व्यापार (Trade not Aid) भन्न थालेसँगै GATT ले आफ्नो रुपलाई विश्व व्यापार संगठन (WTO) को रुपमा विकास गऱ्यो ।

WTO मा विकसित, विकासशील र अति कमविकसित अनि पुँजीवादी र समाजवादी सबै राष्ट्रहरुले सदस्यता लिन थाले । WTO का विकसित सदस्य राष्ट्रहरुले अति कम विकसित गरिव राष्ट्रहरुलाई द्विपक्षीय र बहुपक्षीय व्यापार प्रणालीको आधारमा उनीहरुको वस्तुलाई आफ्नो बजारसम्मको पहुँच पुऱ्याउन आवश्यक लगानी र प्राविधिक सहयोग गर्ने भनियो जसबाट यस्ता गरिब राष्ट्रहरुको निर्यात गर्ने क्षमता वृद्धि भई उनीहरुले गरेको व्यापार नाफाबाट समृद्धि हासिल हुने सपना पनि बाँडियो तर अन्त्यमा के भयो भन्दा यस्ता गरिब राष्ट्रहरु दुवै अति विकसित र विकासशील राष्ट्रको बजार बन्न पुगे । उनीहरुको व्यापार घाटा यति चुलियो कि बयान गरेर साध्य भएन ।




WTO ले आफूले गरेको विकासका तथ्यांक देखाउँदा के भन्छ भने यस्ता अति विकसित राष्ट्रहरुले (WTO) को सदस्यता लिएको कारण उनीहरुको निर्यात ४.३ प्रतिशतबाट बढेर ६.४ प्रतिशत पुगेको र प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादन GDP ०.४ प्रतिशतबाट बढेर १.५ प्रतिशत पुगेको बताइयो । त्यसै गरी अति कम विकसित राष्ट्रहरु समेतको निर्यात २.९ प्रतिशतबाट बढेर ३.२ प्रतिशत र GDP ०.६ प्रतिशतबाट बढेर ०.८ प्रतिशत पुगेको हवाला दियो । यो वृद्धि किन भयो त भन्दा विकसित राष्ट्रहरुले अति कम विकसित राष्ट्रहरुको वस्तु आफ्नो देशमा आयात गर्दा भन्सार दर शून्य गरेको र त्यस्ता वस्तुहरुको लागि कोटा निर्धारण गरेको कारण हो भनेको छ ।

पहिले विकसित देशहरुले लगाउने भन्सारको अनुपात १०.६ प्रतिशत रहेको र कम विकसित देशहरुलाई सामान्य ग्राह्यता प्रणाली (Generalised System of Prefernce GSP) अनुरुप शून्य भन्सार सुविधा दिएको कारण त्यो अनुपात घटेर ६.९ प्रतिशतमा झरेको तथ्यांक प्रस्तुत गरिएको छ ।

अति कम विकसित राष्ट्रहरुलाई क्यानडा, युरोपेली आयोग अनि स्वीटजरलैण्डले सेप्टेम्बर १, २००० देखि, न्युजिलैण्डले १, जुलाई २००१ देखि, जापान, अमेरिका हंगेरी, चेक र स्लोभाकियाले डिसेम्बर २००० देखि शून्य भन्सार सुविधा प्रदान गरेको, इजिप्टले यस्ता देशहरुका लागि १० देखि २० प्रतिशतसम्म भन्सार दर घटाएको जनायो ।

संयुक्त राष्ट्र संघीय र अन्य बहुपक्षीय संस्था जस्तो IMF, ITC, UNCTAD, UNDP, World Bank हरुले निर्यात व्यापार वृद्धि गरी WTO का सदस्य अति कम विकसित राष्ट्रहरुले WTO का नियम, प्रक्रिया र शर्तहरुको अधिनमा रही कसरी आफ्नो निर्यात वृद्धि गरी समृद्धि हासिल गर्न सकिन्छ भनी व्यापारसँग सम्बन्धित प्राविधिक सहयोग र व्यापार क्षमता वृद्धि गर्न पाइलट प्रोग्रामहरु संचालन गरेको जसका लागि उनीहरुले संयुक्त रुपमा ६.२ मिलियन डलर खर्च गरेको विवरण पनि पेश गरे । यस क्रममा उनीहरुलाई निर्यात गर्ने वस्तुको अन्तर्राष्ट्रिय गुणस्तरीयता कसरी कायम गर्ने र व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्तिको अधिकार र ट्रेडमार्क कसरी लिने भन्ने कुरा समेत सिकाइयो भनियो ।

यसरी WTO बाट फाइदा लिने भनिएको अति कम विकसित राष्ट्रहरुमा Angola, Bangladesh, Benin, Burkina Faso, Burundi, Cambodia, Cape Verde, Central African Republic, Chad, Congo, Democratic Republic of the, Djibouti, Ethiopia, Gambia, Guinea, Guinea Bissau, Haiti, Laos, Lesotho, Madagasca, Malawi, Maldives, Mali, Mauritania, Mozambique, Myanmar, Nepal, Niger, Rwanda, Sao Tome, Samoa, Sudan, Senegal, Sierra Leone, Solomon Islands, Tanzania, Togo, Uganda, Vanuatu, Yemen र Zambia, पर्दछन् । भूटानले अझै WTO को सदस्यता लिएको छैन ।


यी माथि भनिएका अति कम विकसित राष्ट्रले WTO बाट के कस्ता फाइदा पाए । त्यो वास्तविक रुपमा उनीहरुलाई नै थाहा होला । WTO को सदस्यताबाट नेपालले पनि फाइदा पायो भनिएको छ, हुन पनि विकसित राष्ट्रहरुको बजारमा नेपाली वस्तुले कोटा र शून्य भन्सार दरमा प्रवेश पाएको पनि हो तर नेपालको वास्तविकता अर्कै छ । त्यो भनेको निम्नानुसार छन् ।


१) WTO को सदस्यता लिनुअघि नेपाल धान चामल निर्यात गर्ने राष्ट्रमा थियो । तर त्यसको सदस्यता लिएपछि नेपाल चामल आयात गर्ने राष्ट्रमा दर्ज हुन पुग्यो ।

२) WTO को सदस्यता लिएपछि सन् १९९३।९४ मा नेपाली गलैंचाको निर्यात वार्षिक ३३ लाग वर्गमिटर पुगेको थियो । त्यतिखेर त्यो उद्योगले प्रत्यक्ष र अप्रत्यक्ष गरी १२ लाख नेपाली युवायुवतीहरुलाई रोजगार दिएको थियो तर त्यो निर्यात ८५ प्रतिशतले खस्कँदै गएर अहिले ५ लाख वर्गमिटरको हाराहारी झरेको छ । हिजो गलैंचा कारखानामा काम गर्नेहरु अहिले अरबको खाडीमा फोहोरी, कठिन र खतरनाक काम गर्न बाध्य छन् रोजी रोटीको लागि ।

३) WTO को सदस्यता पाएपछि नेपाली बजार विदेशी वस्तुको लागि खुला भयो । नेपाली उद्योगले आफ्नै स्वदेशी बजारमा विदेशी वस्तुसँग मूल्यमा प्रतिस्पर्धा गर्न नसक्दा मित्रराष्ट्रहरुले बनाइदिएका उद्योगहरु धमाधम कौडीको मूल्यमा बेचियो । किन्ने निजी क्षेत्रले पनि उद्योग संचालन गर्न नसकी पलायन भयो ।

४) अहिले पनि नेपालमा स्वदेशी वस्तुहरु विशेष गरी फलफूल र तरकारी बिक्री नभई थुप्रने, सड्ने, गल्ने, खेतीमै डोजर लगाई उखेलेर फाल्नुपर्ने, दूध बिक्री नभई मिल्क होलिडे गर्नुपर्ने स्थिति छ तर त्यही भारत र चीनबाट आयात गरिएका वस्तुहरु नेपाली बजारमा बिक्री हुने अवस्था रहेको छ । सरकारले त्यस्ता वस्तुहरुलाई Anti Dumping Law लगाई नेपाली वस्तुको बजारलाई स्वदेशमा नै संरक्षण गर्न सकेको छैन ।









५) देशमा भएका उद्योगहरु बन्द भई रोजगार कतै नपाएपछि ५० लाखभन्दा बढी नेपाली युवायुवतीहरु कामको खोजमा विदेशिएका छन् । यिनै विदेशिएकाहरुले हुण्डी गरी पठाइदिएको विदेशी मुद्राको संचितिबाट सबै कुरा आयात गरी उपभोग गर्ने बानी नेपालीमा पर्न गएको कारण नेपालको व्यापारघाटा संसारकै सबैभन्दा ठूलो हुन पुगेको छ । आयात निर्यातको अनुपात झण्डै १:१५ रहेको छ । भनाइको मतलव नेपालले अहिले १०० डलरको निर्यात गर्दा १५०० डलरको आयात गरेको अवस्था छ ।

हुण्डीबाट विदेशी मुद्रा नआएको भए न नेपालले आयात गरी उपभोग गर्न सक्थ्यो न त्यस्तो आयातमा भन्सार लगाइ उठेको राजस्वबाट सरकार नै संचालन हुन सक्थ्यो । अन्तत : नेपाल आर्थिक रुपमा असफल राष्ट्रमा दर्ज हुन पुग्थ्यो । अहिले नेपाल बाँचेको भनेको WTO को सदस्य भई निर्यात वृद्धि गरी भएको ब्यापार नाफाबाट होइन, हुण्डीबाट प्राप्त विदेशी मुद्राबाट आयात गरी जनतालाई उपभोग गर्न दिएको र त्यही आयातमा भन्सार लगाइ उठेको राजस्वबाट सरकार चलेको हो । यही गति अरु कम विकसित राष्ट्र छ छैन त्यो अध्ययनकै विषय बन्न पुगेको छ तर नेपाललाई भने WTO को सदस्यताले झन खाडलमा पार्ने काम गरेको छ र यही स्थिति कायम रहने हो भने अब नेपाल भन्ने देशको आयु धेरै लामो छैन भन्दा हुन्छ ।

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# स्पष्ट आर्थिक दृष्टिकोण आवश्यक

**डा.राजेश अहिराज**

सरकारले मानव विकास सूचकांकमा तुलनात्मक रूपमा पछि परेका तराई-मधेशका स्थानीय तहमा भौतिक पूर्वाधारलगायत विकासका कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्न तराई-मधेश समृद्धि कार्यक्रम लागू गरेको छ । तराई-मधेशमा बसोवास गर्ने जनताको सघन रूपमा आर्थिक तथा सामाजिक रूपान्तरण गर्न एवम् जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले कार्यक्रम लागू गरिएको हो ।

कार्यक्रम सञ्चालनका लागि सरकारले रू दुई अर्ब तीन करोड बजेट छुट्ट्याइएको छ । सरकारले आव २०७५/७६ को बजेट वक्तव्यमा तराई-मधेश सडक पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गर्न रू तीन अर्ब ५३ करोड बजेट विनियोजन गरेको थियो । मानव विकासको सूचकांक, न्यून तथा गरीबीको समग्र दर र गहनता उच्च रहेका तराई-मधेशका २१ जिल्लाका २७६ स्थानीय तहका दुई हजार ६७१ वडामा कार्यक्रम लागू भएको छ । प्रदेश नं १ को झापा, मोरङ र सुनसरी, प्रदेश नं २ को सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका स्थानीय तहमा कार्यक्रम सञ्चालित छ । यस्तै प्रदेश नं ३ को चितवन, गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व), प्रदेश नं ५ को नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया तथा सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुरका स्थानीय तहमा समृद्धि कार्यक्रम सञ्चालनमा आएको छ ।

झापाका १५, मोरङका १७, सुनसरीका १२, सप्तरीका १८, सिरहाका १७, धनुषाका १८, महोत्तरीका १५, सर्लाहीका २०, रौतहटका १८, बाराका १६ र पर्सा १४ स्थानीय तहमा कार्यक्रम सञ्चालन हुनेछन् । चिवनका सात, नवलपरासीका (बर्दघाट सुस्ता पूर्व) आठ, नवलपरासीका (बर्दघाट सुस्ता पश्चिम) सात, रूपन्देहीका १६, कपिलवस्तु र दाङका १०/१०, बाँके र बर्दियाका आठ/आठ, कैलालीका १३ र कञ्चनपुरका नौ स्थानीय तहमा कार्यक्रम सञ्चालित छ ।

तर कार्यक्रम सुरू भए पनि यसको प्रभावकारिता देखिएको छैन । देशको सन्तुलित विकासका लागि धेरै अघिदेखि नै प्रयास हुँदै आएको हो तर पनि सन्तुलित विकासको लक्ष्य हासिल हुनसकेको छैन । सुदूर र मध्यपश्चिमका अधिकांश हिमाली र पहाडी जिल्लाहरूको विकासको स्थिति निकै कमजोर छ । सुगम र सहज भौगोलिक अवस्थिति भएर पनि मधेशका केही जिल्लाहरू पिछडिएका छन् । यिनै तराई-मधेशका जिल्लाहरूको विकासका लागि सरकारले तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन गरेको हो ।

सुदूर पश्चिम र मध्यपश्चिमकै पहाडी र हिमाली क्षेत्रको सूचकाङ्क निकै कम छ । अन्यत्र जस्तै मधेशमा जातिगत असमानता पनि धेरै छ । मधेशी बाहुन/क्षेत्रीको मानव विकास सूचकाङ्क नेपालको औसतभन्दा राम्रो अर्थात् ०.५३६ रहे पनि तराई दलितको ०.४००, मुस्लिमको ०.४२२ र मधेशी जनजातिको ०.४७३ मात्रै छ । यिनै जातिमा गरिवी पनि धेरै छ । सबै क्षेत्र, वर्ग र जातजातिको समान उत्थानबिना मुलुकको समन्यायिक विकास असम्भव छ । त्यसैले पिछडिएका क्षेत्र, वर्ग र जातिको उत्थानका लागि राज्यले विशेष कार्यक्रम ल्याउनुपर्छ । तराई-मधेश समृद्धि कार्यक्रम यस्तै प्रकारको कार्यक्रम हो । यसको प्रभावकारी कार्यान्वयनले मधेशका पिछडिएका क्षेत्र र समूहको आर्थिक सामाजिक विकासमा सहयोग पुग्न सक्छ । मधेशका पिछडिएको क्षेत्रको विकासका लागि पूर्वाधार विकासलगायतका कार्यक्रमहरू पनि संघीय सरकारको बजेटमा व्यवस्था गरिएको छ । तर यस्ता कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्नसके मात्र प्रभावकारी हुनेछन् । पूर्वाधार विकासलगायत शिक्षा, स्वास्थ्य, रोजगारी र आयआर्जनका कार्यक्रमलाई पनि समन्वयात्मक रूपमा सञ्चालन गरियो भने मात्र तिनको प्रभावकारिता वृद्धि हुन्छ । यस्ता कार्यक्रमले लक्षित वर्गलाई समेट्नुपर्छ । यो सँगै विकासका नाममा हुने स्रोत र साधनको दुरूपयोग रोक्न सचेत र सक्रीय हुनुपर्छ ।

विविध सम्भावना भएर पनि प्रदेश २ अहिलेको अवस्थामा अन्य प्रदेशभन्दा पछाडि छ । राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको तथ्यांकमा यो प्रदेशमा जनसंख्याको झन्डै आधा अर्थात ४८ प्रतिशत जनता गरिबीको रेखामुनि छन् । चुरे दोहनको कारण मधेशको उत्पादकत्व घट्दै जानु र कृषिमा आधुनिकीकरण हुन नसक्नु गरिबीको मुख्य कारण हो । दाईजो प्रथा व्याप्त हुनु, उद्योगधन्दाहरू बन्द हुनु, बेरोजगारीको समस्या बढ्दै जानु, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत विकासका पूर्वाधारहरूमा एकदमै पछाडि पर्नु, सुगम भएर पनि सडकको अवस्था जीर्ण हुनु, भारतसँगको खुल्ला सीमाका कारण लागुऔषधको कारोबार बढ्दै जानु जस्ता विविध कारणले गर्दा पनि प्रदेश २ लाई नमूना प्रदेश बनाउन चुनौतीपूर्ण देखिन्छ ।

शिक्षामा कमजोर देखिएको यो प्रदेशमा प्राविधिक विश्वविद्यालय खोलिनुपर्छ भने उद्योग धन्दाका लागि आवश्यक जनशक्ति उत्पादनलाई प्राथमिकता दिनुपर्छ । राजनीतिक दलहरूले विकासको मुद्दालाई पछाडि पार्दै राजनीतिक मुद्दा मात्र अगाडि बढाएको हुनाले पनि २०६२/६३ सालदेखि सुरू भएको मधेश आन्दोलनले मधेशको विकासमा खासै भूमिका खेल्न सकेन ।

शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजार तथा बजारलाई रोजगारीको अवसर र आर्थिक विकाससँग जोड्ने अभिप्रायले नेपाल सरकारद्वारा गठित कार्यदलले मानव संसाधनको आँकलन तथा प्रक्षेपण कार्य गरिरहेको सन्दर्भमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइटमार्फत वा www.hrp.gov.np मा रहेको online विवरण तथा सुझाव संकलन फारम यथाशीघ्र भरिदिई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## नक्सा...

गरिएको उक्त कार्यक्रममा जिल्लास्थित नगरपालिकाका मेयर उपमेयरलाई समेत बोलाइएको थियो । सीमाविद बुद्धिनारायण श्रेष्ठले वास्तविक नक्साका बारेमा बोल्नुभएको थियो । उक्त कार्यक्रमको कार्यपत्र सुरेश श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो । हाल भारतबाट प्रकाशित र नेपाल सरकारबाट प्रकाशित नेपालको नक्सामा १४७१८१ वर्गकिमि क्षेत्रफल हुनुपर्नेमा १४४८३४.९४५ वर्ग किमि उल्लेख हुनुमा नेपाल सरकार आफैंले सीमा मिचिएको स्वीकार्दै नेपालको क्षेत्रफल घटाएकोमा विरोध गरिएको थियो । उक्त कार्यक्रममा सांसद कृपा राई, सन्तोष चालिसे, नरेन्द्र तण्डुकार, भविन्द्र वेलवासे, सिद्धि महर्जन लगायत वक्ताहरुले सरकारको कदमको आलोचना गर्दै नक्सा सच्याउन माग गर्नुभएको थियो ।

## बन्दको...

तर, सार्वजनिक सवारी साधनमा भने यसको प्रभाव परेको छ । सार्वजनिक सवारी कम चल्दा यात्रुले सास्ती खेप्नु परेको छ । पोखराका दुई स्थानमा, गोरखा सदरमुकामका दुई स्थानमा, रौतहटको चन्द्रपुर र ब्रिन्दावन नगरपालिकाको सीमा क्षेत्रमा पर्ने हर्षाह चोकमा, बुटवलको कालिकाचौकमा र मकवानपुरको हेटौँडा औद्यागिक क्षेत्रको गेटमा पनि शंकास्पद बस्तु फेला परेको र त्यसलाई सेनाको बम डिस्पोजल टोली घटना स्थलमा पुगेर डिस्पोज गरेको प्रहरीले जनाएको छ ।

## अलगाववादी...

अधिकारको प्रयोग गर्दै तराई मधेस लगायत देशका कतिपय स्थानमा रहेका असन्तुष्टिलाई जनअभिमतमा आधारित लोकतान्त्रिक विधिबाट समाधान गर्न सहमत भएका छौं । सिके राउतले द्विअर्थी लाग्ने यही बुँदालाई समातेर राज्य मधेसमा जनमत संग्रह गराउन तयार भएको स्टाटस लेखेका हुन् । जनअभिमत शब्दलाई राउत समूहले जनमत संग्रहका रुपमा अर्थ्याएको छ । सरकारसँग सम्झौता गरी जनकपुर झरेका राउतको समर्थनमा उनका उद्दण्ड कार्यकर्ताले स्वतन्त्र मधेसको नारा लगाउनु राष्ट्रिय झन्डाको सट्टा स्वतन्त्र मधेसको झन्डा फहराउनु र स्वतन्त्र मधेस लेखिएका ब्यानर र प्लेकार्ड प्रदर्शन गर्नुले स्वयं सरकारलाई झस्काएको छ । यसको प्रत्युत्तरमा प्रधानमन्त्री केपी ओलीले राष्ट्रिय सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताका बारेमा जनमत संग्रहको कल्पना पनि गर्न नसकिने बताएका छन् । नेपालको संविधानले जनमत संग्रहको जिकिर गरेको छैन । मधेसलाई नेपालको मानचित्रबाट अलग गर्ने अभिप्रायले जनमत संग्रहको कुरा राउत समूहले उठाउनु राष्ट्रघाती मानसिकताको उपज हो ।

सरकारले जनमत संग्रहबारे राउत समूहसँग कुनै चर्चा नै नभएको प्रष्टिकरण दिइरहँदा सिके राउत भने मौन छन् । तर उनका कार्यकर्ताहरु भने स्वतन्त्र मधेसका लागि जनमत संग्रहको लोकतान्त्रिक प्रक्रियामा जान सरकारलाई बाध्य पार्ने गरी आन्दोलनको उठान गर्ने धृष्टतामा सक्रिय देखिएका छन् । यसले फेरि एकपटक मधेस अशान्त बन्ने सम्भावना बलशाली बन्दैछ ।

सरकारले स्वतन्त्र मधेस गठबन्धनलाई वैधानिक मान्यता दिएर सहमति गर्नु आफैंमा आपत्तिजनक छ । बुँदा नं. १० मा स्वतन्त्र मधेस गठबन्धनका नेता कार्यकर्ताहरुमा रहेको ज्ञान, सीप र सामर्थ्यलाई तराई मधेस लगायत समग्र देशका जनता र राष्ट्रको शान्तिपूर्ण एवं लोकतान्त्रिक विकास र खुसियालीका लागि नयाँ उचाइका साथ सदुपयोग गर्न र सरकारको तर्फबाट स्वतन्त्र मधेस गठबन्धनप्रति लोकतान्त्रिक राजनीतिक शक्तिका रुपमा व्यवहार गर्न सहमत भएका छौं भनिएको छ । राष्ट्र विखण्डन गर्ने उद्देश्य बोकेको एउटा अलगाववादी समूहलाई लोकतान्त्रिक राजनीतिक शक्ति स्वीकार्नु सरकारी भद्दा गल्ती हो । राष्ट्र चोइट्याउन खोज्नेहरु देशद्रोही ठहरिन्छन् । देशद्रोहीहरुलाई राजनीतिक शक्तिको संज्ञा दिइनु राजनीतिक शास्त्रभित्र पर्दैन ।

मेचीदेखि महाकालीसम्मको समथर भूभाग मधेस होइन, तराई हो । इतिहासमा मधेस नामको कुनै राज्यको अस्तित्व रहेको भेटिँदैन । सिके राउतहरुले स्वतन्त्र मधेस राज्य भनिरहँदा पश्चिम काँगडा र पूर्व टिस्टासम्मको नेपाल राज्यको सीमा क्षेत्रको बारेमा किन बोल्दैनन् ? किन ग्रेटर मधेसको नाम उच्चारण गर्दैनन् ? नेपालको भूभाग तराई क्षेत्रलाई मात्रै स्वतन्त्र मधेस राज्य मान्ने राउतहरु कहाँबाट सञ्चालित छन ? तराई भूभागको ऐतिहासिक सीमा टिस्टा काँगडा हो जो सन् १८१६ को सुगौली सन्धिद्वारा ब्रिटिस उपनिवेशले खोसेको थियो । ब्रिटिसहरुले सन् १९४७ मा भारत छोडे । तर भारतले ब्रिटिस अधिनस्थ नेपाली भूभाग आजपर्यन्त छोडेको छैन । मधेसभित्र मेचीपारि टिस्टा र महाकालीपारि काँगडासम्मको भूभागलाई सिके राउत लगायत मधेसवादी दलहरुले किन समेटेका छैनन् ?

कुनै पनि देशका सरकारले विखण्डनवादीहरुसँग सम्झौता गरेर सम्भावित विखण्डन रोक्ने प्रायः प्रयास गरेको पाइँदैन । लिट्टे नेता प्रभाकरणसँग श्रीलंकाली सरकारले सम्झौता गरेको थियो तर प्रभाकरणले पृथकतावादी आन्दोलन रोकेनन् राज्यलाई धोका दिए । अन्ततः श्रीलंकाली सेनाले आफ्ना प्रायद्विप कब्जामा लिँदै प्रभाकरणको हत्या गऱ्यो । तमिल टाइगर्सका गतिविधिहरु बन्द भए । पंजाव टुक्र्याउन खालिस्तान आन्दोलन भएको थियो । खालिस्तान आन्दोलनका नाइके भिण्डरवाले स्वर्ण मन्दिर कारबाहीमा मारिएपछि पृथकतावादी खालिस्तान आन्दोलन टुंगियो । भारतीय पूर्वोत्तर राज्यहरु असम, नागाल्यान्ड, मिजोरम, मणिपुर, आदिमा पनि चलेका पृथकतावादी आन्दोलनलाई भारत सरकारले हस्तक्षेपद्वारा नै नाकाम बनायो । नेपाली भाषी भारतीयहरुले जातीय पहिचान स्वरुप गोर्खाल्यान्डका आन्दोलन गरे तर गोर्खाल्यान्ड दिइएको छैन । तर द्विअर्थी शब्द राखेर सिके राउतसँग सम्झौता गरी जनमत संग्रहको ढोका उघारिदिनु र त्यो समूहलाई राजनीतिक मान्यता सरकारले दिनु राष्ट्र विखण्डनको आधार तयार गर्नु नै हो ।

## कोरियाले...

उत्पादनक्षेत्रमा नेपाली कामदार रुचाएको छ । कृषिका लागि पास भएका सबै कोरिया नपुगे पनि उत्पादनमूलक क्षेत्रमा भाषा उत्तीर्ण गर्ने सबैजसो गएको उनले बताए । कोरियाले १६ देशबाट वार्षिक ५० देखि ५५ हजार कामदार लैजाने गरेको छ । ईपीएस प्रमुख खनालले अरु देशभन्दा नेपाली कामदार बढी रुचाइएको बताए । 'नेपाली मेहनती हुने भएकाले पनि कोरियनको रोजाइमा परेका हुन्', उनले भने । रोस्टर सिस्टम पनि राम्रो भएकाले पनि भाषा पास गर्नेको दायरा बढ्दै गएको उनको भनाइ छ ।

कोरिया रोजगारका लागि आगामी जेठमा भाषा परीक्षा हुने भएको छ । रोजगार अनुमति प्रणाली (ईपीएस) जेठ २५ र २६ गते हुने भएको हो । वैदेशिक रोजगार विभाग ईपीएस कोरिया शाखाले सूचना जारी गर्दै भाषा परीक्षाका लागि चैत ८ देखि १७ गतेसम्म आवेदन दर्ता गर्न सकिने उल्लेख छ । आवेदकको परीक्षा काठमाडौं र पोखरा केन्द्रबाट सञ्चालन हुनेछ । दरखास्त दर्ता परीक्षार्थीले आफूले परीक्षा दिन चाहेको केन्द्र रोज्नुपर्ने सूचनामा उल्लेख छ । तर पोखरामा सुरुमा फर्म भर्ने १२ हजार मात्रले आवेदन फाराम भर्न पाउनेछन् ।

## फेसबुकमा...

हमलाका कारण फेसबुकका सेवामा अवरोध नआएको उसले जनाएको छ । अवरोध निगरानी गर्नेहरूका अनुसार फेसबुकमा समस्या विश्वभर नै देखिएको छ । यो भन्दा पहिले फेसबुकले सन् २००८ मा यस्तो सेवा अवरोध बेहोरेको थियो । त्यतिखेर विश्वभर उसका प्रयोगकर्ता केवल १५ करोड थिए । अहिले त्यो संख्या बढेर मासिक दुई अर्ब तीस करोड प्रयोगकर्ता पुगिसकेको छ ।

## शेयरमा...

लगानी गर्न सक्नेछ । शेयर लगानी गरिने कम्पनीको चुक्ता पुँजीको ५ प्रतिशतभन्दा बढी हुने गरी लगानी गर्न नपाइने लगानी निर्देशिकामा उल्लेख छ ।

यस्तै नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क, ख र ग वर्गको बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर र ऋणपत्रमा २० प्रतिशतसम्म वा लगानी गरिने कम्पनीको चुक्ता पुँजीको १० प्रतिशत मात्रै लगानी गर्न सकिने व्यवस्था छ । धितोपत्र बोर्डबाट स्वीकृत कम्पनीको ऋणपत्रमा र कृषि पर्यटन र जलस्रोत लगायतका पूर्वधारमा पब्लिक लिमिटेड कम्पनी संचालन गरिएको संस्थामा २०/२० प्रतिशतसम्म ऋण वा पुँजी लगानी गर्न सकिन्छ ।

नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरुमा ५ प्रतिशत, राष्ट्र बैंकवाट अनुमति प्राप्त क र ख वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्धति निक्षेपमा २० प्रतिशत सम्म लगानी गर्न सकिने निर्देशिकामा छ । यस्तै राष्ट्र बैंकवाट अनुमति प्राप्त ग वर्गका वित्तीय संस्थाहरुको मुद्धति निक्षेपमा १० प्रतिशत सम्म लगानी गर्न सकिनेछ तर निर्देशिकामा उल्लेख भएका शर्तहरु भने अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

## निषेधको...

बहुमतका अघि पराजित भएको बताइन्छ । सरकारद्वारा ८ भदौमा गठित सांसद सोमप्रसाद पाण्डे नेतृत्वको वार्ता टोलीले विप्लव नेतृत्वको नेकपासहित सशस्त्र भूमिगत समूहलाई २५ भदौमा वार्ताका लागि आह्वान गरेको थियो । तर विप्लव समूह वार्तामा बस्न तयार भएन । विप्लव समूहले वार्ताको वातावरण तयार गर्न दुई शर्त पूरा हुनुपर्ने माग गऱ्यो । पहिलो- पक्राउ परेका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' सहित पोलिटब्युरो र केन्द्रीय तहका ६ नेताको रिहाई, दोस्रो- पार्टीले निर्वाध रुपमा राजनीतिक गतिविधि गर्न पाउने छुट । ५ असोजमा प्रकाण्डपछि अन्य नेताहरु उमा भुजेल, पदम राई, किरण राई, ओमप्रकाश पुन, मोहन कार्की, कृष्ण धमलासहित नेता कार्यकर्ता अदालतको आदेशमा छुटे । ८ मंसिरमा विप्लव नेतृत्वको नेकपाले राजधानीमा भव्य जनसभा सम्पन्न गऱ्यो । तर वार्तामा भने आएन । त्यसपछि सरकारले आफ्ना कार्यकर्ता छुटाउन मात्र नेकपाले वार्ताको नाटक गरेको ठान्यो । वार्ता टोलीले विप्लव नेतृत्वको नेकपालाई राजनीतिक पार्टी र उनीहरुको एजेन्डा पनि राजनीतिक भएको निष्कर्ष निकालेको थियो ।

विप्लव समूहले उद्योगी व्यवसायीसँग जबरजस्ती चन्दा उठाएको, स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुलाई धम्क्याएर पैसा असुलेको, सरकारी कार्यालयहरुका प्रमुखहरुलाई समेत ज्यान मार्ने धम्की दिएर मन लागि रकम लिने गरेको, विभिन्न सार्वजनिक स्थानमा विस्फोटक पदार्थ राख्ने र पड्काउने गरेर जनजीवनलाई आतंकित बनाएको, एम १६ जस्ता अत्याधुनिक हतियार बोकेर विप्लव समूहका कार्यकर्ता हिँड्ने गरेको सरकारले सूचना पाएपछि यो समूहलाई प्रधानमन्त्री ओलीले 'लुटेराहरुको समूह' नै भनिदिए । २४ फागुनमा सिके राउत समूहसँग ११ बुँदे सहमति गर्दै प्रधानमन्त्रीले विप्लव समूहलाई लुटेरा समूहको रुपमा व्याख्या गरिदिए । हिंसात्मक क्रियाकलाप जारी राखे सरकार शान्ति सुरक्षा कायम राख्न जस्तोसुकै कदम चाल्न तयार रहेको उनले जनाउदिए । अन्ततः फागुन २८ मा विप्लव समूहका गतिविधिमाथि प्रतिबन्ध लगायो । तर यसबारे नेकपाको सचिवालय सदस्यहरुले सुइँको समेत पाएनन् । अध्यक्षद्वय ओली र दाहालको सहमतिमा प्रतिबन्ध लगाउने निर्णयको अहिले सत्तारुढ नेकपाभित्रै विरोध भइरहेको छ । सरकारले वार्ताको आह्वान नै नगरी विप्लव समहका राजनीतिक गतिविधिमाथि पावन्दी लगाउनु निषेधको राजनीति हो भन्छन् विश्लेषकहरु ।

## दशगजामा...

जग्गा खाली रहेकाले घर बनाएर बसेको भारतीय नागरिकहरु बताउँछन् । उनीहरु भन्छन्- 'दसगजामै कस्टम कार्यालय भएकाले हामीले पनि घर बनाएर बसेका हौं ।' आफूहरू वर्षौंदेखि त्यहीँ बसिरहेको बताउँदै उनीहरुले सबै गरी करिब १२ वटा घर बनेको जनाए । यहाँ अधिकांश सुकुम्बासीको बसोबास छ ।

भारतीय पक्षले साइकल, मोटरसाइकल र चारपांग्रे सवारी नेपालतर्फ पार्किङ गर्दा यताका व्यापारीले सास्ती भोग्नुपरेको स्थानीय व्यापारी बताउँछन् । सुरक्षा स्रोतका अनुसार भारतको निकटवर्ती सहर जयनगरमा दुई देशका सुरक्षा अधिकारीको संयुक्त बैठकमा नेपाल पक्षले सीमाछेउका मदिरा पसल हटाउने तथा भारतीय पक्षले ठाडीसँग जोडिएको दसगजाबाट भन्सार कार्यालय हटाउने सहमति भएको थियो ।

नेपाली सीमाछेउका मदिरा पसल हटाइए पनि भारतीय पक्षले भन्सार कार्यालय अझै हटाएको छैन । भारतीय भन्सारका अधिकारीले भने स्थायी संरचना नभई व्यापारिक कारोबार र जाँचमा सहजताका लागि तत्काललाई छाप्रोबाट काम चलाउने गरिएको बताउँदै आएका छन् । नेपालपट्टिका भन्सार प्रमुख उमेश भट्टराईले दुई देशको सीमा र कूटनीतिका कुरा भएकाले आफूले केही भन्न नसक्ने प्रतिक्रिया दिए ।

## मालेको...

गर्दा त्यहाँ निम्न गंभीर तथा घातक गल्ती गरिएको देखिन्छ ।

(१) सर्वप्रथम ११ बुँदे सहमतिमा उक्त समूहको नाम 'स्वतन्त्र मधेश गठवन्धन' भनेर वर्तमान ओली सरकारद्वारा स्वीकार गरिएको छ । उल्लेखित वाक्यांशले वोक्ने देश विखण्डन गर्ने उद्देश्यलाई ओली सरकारले वैधानिकता प्रदान गरेको छ । यो घोर आपत्तिजनक विषय हो । त्यति मात्रै होइन सहमतिको १० नम्वर बुँदामा ओली सरकारद्वारा "स्वतन्त्र मधेश गठवन्धनप्रति लोकतान्त्रिक राजनीतिक शक्तिको रूपमा व्यवहार गर्ने" भनिएको छ, जो घोर आपत्तिजनक छ ।

(२) सहमतिपत्रमा उक्त समूहले विगतमा नेपालबाट मधेशलाई विखण्डन गर्ने सम्बन्धमा जेजति अभिब्यक्ति दिएको, प्रकाशन तथा प्रचार-प्रसार गरेको र जे जति कृयाकलाप गरेको थियो, ती सबैलाई गलत करार गरी फिर्ता गरिने सहमति परेको छैन । यो काम नगरेसम्म त्यस समूहले आफ्नो विखण्डनकारी विगतसँग नाता कायम राख्ने सुविधा पाइरहने छ, जुन घातक कार्य हो ।

(३) सहमतीको बुँदा नं. २ मा "तराइ-मधेश लगायत देशका कतिपय स्थानहरूमा रहेका असन्तुष्टिहरूलाई जनअभिमतमा आधारित लोकतान्त्रिक विधिबाट समाधान गर्न सहमत भएको" कुरा उल्लेख गरिएको छ । यसलाई राउत पक्षले आफ्नो माग ("मधेश स्वतन्त्र देश") बारे 'जनमत संग्रह' गर्न सरकार राजी भएको प्रचार गर्न थालेको छ, जुन आफैमा अनुचित र आपत्तिजनक छ । सरकारले यस सम्बन्धमा अबिलम्ब आफ्नो राय सार्वजनिक गर्नु पर्दछ ।

(४) राष्ट्र-विखण्डनकारी गतिविधिमा लागेको राउत समूहलाई नेपालको संविधानको दायरा र शान्तिपूर्ण कृयाकलापमा ल्याउनु सकारात्मक देखिएता पनि लम्पसारवादी नीति लिएको वर्तमान केपी ओली नेतृत्वको सरकारले उक्त समूहलाई शान्तिपूर्ण ढंगले राष्ट्रविखण्डनकारी कृयाकलाप अगाडि बढाउन बैधानिकता दिने काम गरेको देखिएको छ, जो रहस्यपूर्ण समेत छ । हाम्रो पार्टी नेकपा (माले) उपरोक्त कार्यप्रति क्षोभ प्रकट गर्दै तिनलाई अविलम्ब सच्याउन सरकार समक्ष जोडदार माग गर्दछ ।

यसैबीच सरकारले नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका गतिविधिमाथि प्रतिबन्ध लगाउन गरेको निर्णयको नेकपा (माले) ले एक विज्ञप्तिमार्फत भर्त्सना गरेको छ । पार्टी महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

'नेपाल सरकारले नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई प्रतिबन्ध लगाउन गरेको निर्णयले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । युगिन परिवर्तनलाई संस्थागत गर्ने गरी नयाँ संविधानलाई कार्यान्वयन गर्ने/गराउने र इमान्दारीतापूर्वक आफ्नै निर्वाचन घोषणापत्रलाई कार्यान्वयन गर्नुपर्ने दायित्वबाट वर्तमान केपी ओली नेतृत्वको सरकार चुकिरहेको छ ।

यो सरकार एकातिर राष्ट्रविखण्डन गर्ने घोषित उद्देश्य लिने सीके राउतको जस्तो समूहलाई सहमतिको नाममा राष्ट्रविखण्डनकारी गतिविधि गर्ने छुट दिन्छ र अर्कोतिर त्यही सरकार निश्चित राजनीतिक उद्देश्य लिएको एउटा राजनीतिक पार्टीलाई प्रतिबन्ध लगाउने जस्तो अपरिपक्व र निरंकुश निर्णय गर्दछ । नेकपा (माले) यस्तो कार्यको विरोध गर्दछ । वर्तमान परिवेशमा चन्द नेतृत्वको नेकपाले अपनाएको हिंसात्मक संघर्षको कार्यनीतिप्रति नेकपा (माले) सहमत छैन । तर त्यस्ता कृयाकलापलाई प्रशासनिक ढंगले नियन्त्रण गर्ने नाममा पार्टीमाथि नै प्रतिबन्ध लगाउने जस्तो कार्यलाई गलत र गैरजिम्मेवार मान्दछ ।

सरकारले वार्ता र संवादको ढोका बन्द गर्नु हुन्न । राजनीतिक रुपले समस्याहरुलाई संबोधन गर्ने बाटो अख्तियार गर्दै सरकारले उक्त पार्टीमाथि लगाइएको प्रतिबन्धबारे तत्काल पुनर्विचार गरोस् भनी नेकपा (माले) सरकारसमक्ष माग गर्दछ ।'

## हिउँले...

पाँच करोडभन्दा बढी मूल्यको पशुधन क्षति हुँदा राज्य संवेदनशील बन्नुपर्छ । तर मन्त्रालयले पीडित किसानहरुलाई आश्वासन दिने काम पनि गरेको छैन ।

कृषि मन्त्रालयका उच्च अधिकारीहरुको ध्यान कृषिको नाममा राज्यले बाँड्ने करोडौं अनुदान झोलामा कृषि फर्म बोक्ने नक्कली किसानलाई कसरी दिने र त्यसबापत कति कमिसन खाने भन्ने तर्फ मात्र केन्द्रित हुँदै आएको छ ।

आफ्नै क्षमताले ऋणधन गरेर कृषिमा लगानी गरेर खटिने किसानले राज्यका तर्फबाट केही पाउन सकेका छैनन् । कागजमा हिसाब देखाएर करोडौं अनुदान वितरण गरिन्छ । यस्तो अनुदान प्रायःजसो नक्कली किसानले पाइरहेका छन् । मुस्ताङमा मरेका भेडा, च्याङ्रा, चौंरीको सरकारले मूल्यांकन गरेर किसानलाई सम्पूर्ण क्षतिपूर्ति दिनु आवश्यक छ । राज्यले गरिब, निमुखा र माथिल्लो तहमा पहुँच नभएका वर्गलाई पनि हेरेर आफ्नो संरक्षणमा राज्य रहेको अनुभूति दिलाउन सक्नुपर्छ । नत्र भाषणमा मात्र विकास र कृषि क्षेत्रको प्रबर्द्धनको नारा फलाक्नु बेकार हुनेछ ।

## जीएमआर...

कुरा नेपाल सरकारकै अर्को अंग सिंचाइ विभागले नै २०७१ साउन ६ गते विज्ञप्ति जारी गरी प्रस्ट पारेको थियो । जीएमआरले डिजाइन गरेअनुसार १८ देखि २१ घन्टासम्म नदीको पानी थुन्ने र पिकआवरमा तीन घन्टा ऊर्जा उत्पादनका लागि पानी छोडदा त्यो वर्षाको भेल जस्तै भएर बग्छ र यसले तल्लोतटीय क्षेत्र बर्दिया र कैलालीमा निर्माणाधीन राष्ट्रिय गौरवका रानीजमरा, कुलरिया, राजापुर, सूर्यपट्टुवा जस्ता सिंचाइ आयोजनामा पूर्णतः असर पार्ने हुँदा यो मोडेलमा परियोजना निर्माण कदाचित हुन सक्दैन भन्ने उल्लेख गरिएको थियो ।

तत्पश्चात् उक्त पीडीए सम्झौता गर्न सिंचाइ विभागसँग सहमति गरिएको छ कि पीडीए भएको ६ महिनाभित्र रि-रेगुलेटिङ ड्यामको लागि अध्ययन गर्न र तल्लतटीय क्षेत्र असर अध्ययन प्रतिवेदन सार्वजनिक गरेपश्चात् परियोजनाको कार्य अगाडि बढाउने भनिएकोमा अहिलेसम्म त्यसबारे कुनै अध्ययन कार्य भएको छैन । यदि यो परियोजना पिकआवर जीएमआर मोडेलको नै बनाउने हो भने तल्लोतटीय क्षेत्रमा बग्ने पानीको बहावलाई रोक्न र तल्लोतटीय क्षेत्रमा पर्न जाने असरलाई न्युनीकरण गर्न रि-रेगुलेटिङ ड्याम निर्माण गर्नुको विकल्प छैन । त्यसैले यो परियोजना यही जीएमआरले बनायो भने पनि पिकआवर मोडेल होइन, रन अफ रिभर नै बन्ने हो । त्यसबाट नेपालले पाउने लाभ जम्मा ३६ मेगावाट मात्र हो ।

त्यसैले त्यो ३६ मेगावाटका लागि देश विकासको मेरुदण्ड सावित हुन सक्ने र खाडी मुलुक लगायत विश्व बजारमा सस्तोमा श्रम बेच्न बाध्य पारिएका र नेपाल सरकारबाट बेचिएका लाखौं नेपाली युवायुवतीलाई देशभित्रै रोजगारी सिर्जनाको मूलद्वार समेत रहेको यो परियोजना कौडीको भाउमा विदेशीलाई दिनु भनेको महाराष्ट्रघात हो । यो राष्ट्रघाती सम्झौताको समझदारी पत्रमा हस्ताक्षर भएको २०६४ सालदेखि आजका मितिसम्म परियोजना विकास सम्झौता पीडीए हुनबाट रोक्न र पीडीए भइसकेपछि त्यसलाई खारेज गर्न स्थानीय जनतादेखि राष्ट्रिय स्तरमै विभिन्न राजनीतिक पार्टी, संघसंस्था, विज्ञ विशेषज्ञ लगायतले विभिन्न सरकारका प्रधानमन्त्री, ऊर्जामन्त्री, नेपाल लगानी बोर्ड समेतलाई लगातार पटक पटक ज्ञापन पत्र बुझाउँदै आइरहेका छन् भने आम नेपाली जनता सहितको सहभागितामा जनसंघर्ष, आन्दोलन, अन्तर्क्रिया, पर्चा, बहस, छलफल र वृत्तचित्र समेत निर्माण गरी प्रचारप्रसार लगायतका अनेकौं कार्यत्रमहरु निरन्तर हुँदै आइरहेका छन् ।

तत्कालीन सरकारका मुख्य सचिव, राष्ट्र बैंकका गभर्नर समेतले लिखित रुपमै सम्झौताप्रति असहमति राख्दै विरोध गरेका छन् । राष्ट्रिय रुपमै व्यापक विरोध र असहमतिहरु व्यक्त हुँदै आएका छन् । त्यतिमात्र होइन, उक्त सम्झौता राष्ट्रिय अहितमा भयो, यसलाई देशहित अनुकूल र राष्ट्रिय पुँजी लगाएर देशमै विद्युत् खपत हुने गरी परियोजनाको कार्यलाई अघि बढाउन नेपाल सरकारलाई निर्देशन गरियोस् भन्ने उद्देश्यका साथ उक्त सम्झौता खारेजीको माग गर्दै सम्मानित सर्वोच्च अदालत समेत विभिन्न सरोकारवाला व्यक्तिद्वारा मुद्दाहरु दायर भएका छन् ।

परियोजनासम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकै अवस्थामा विचाराधीन मुद्दाहरुलाई नजरअन्दाजका साथै लाखौं देशभक्त नेपालीहरुका बुलन्द विरोधका आवाजहरुलाई बेवास्ता गर्दै सुशील कोइराला सरकारको पालामा नेपाल लगानी बोर्डको कार्यालयले जीएमआरसँग नेपालको हित प्रतिकूल पर्ने गरी २०७१ असोज ३ गते परियोजना विकास सम्झौता (पीडीए) मा हस्ताक्षर गरेर तेस्रो पटक राष्ट्र डुबाउने र राष्ट्रिय स्वाधीनतामाथि नै आँच पुग्ने काम गरेको छ ।

परियोजना विकास सम्झौता (पीडीए) मा भएको प्रावधान अनुसार नै जीएमआरले दुई वर्ष अर्थात् २०७३ असोज ३ गतेभित्र आयोजनाका लागि आवश्यक लगानी जुटाइसक्नुपर्ने भनिएको छ । यदि कदंकदाचित देशमा राजनीतिक संकट आयो र देशमा संकटकाल लाग्यो भने त्यो विशेष परिस्थितिमा एक वर्ष म्याद थप गर्न सकिने भन्ने उल्लेख छ तर २०७१ पछि देशमा त्यस्तो कुनै अवस्था सिर्जना भएन । त्यस्तो संकटकाल, राजनीतिक उथलपुथल र विशेष परिस्थिति सिर्जना नभएको अवस्थामा जीएमआरलाई एक वर्ष म्याद थप गर्न सरकार किन बाध्य बन्यो ? तर जीएमआरले निर्धारित समयमा वित्तीय व्यवस्थापन गर्न नसकेपछि उल्टै नेपाल सरकारको कमजोरी देखाउँदै जीएमआर कम्पनीले विभिन्न बहानाबाजी गरेरै पुनः एक वर्ष गैरकानुनी रुपमा म्याद थप गराउन सफल भयो । सरकारले २०७४ असोज ३ गतेसम्म लगानी जुटाउन दिएको समय अवधिभित्र पनि जीएमआर लगानी जुटाउन असमर्थ मात्र भएन, समग्र नेपाली जनताले जीएमआरले परियोजना निर्माण गर्ने नभई मात्र परियोजना कब्जा गरेर राख्ने नियत रहेको स्पष्ट रुपमा बुझे । तीन तीन वर्षसम्म लगानी जुटाउन नसकी सम्झौता कानुनी रुपमा स्वतः खारेज भइसकेको र पीडीएमा म्याद थपको कुनै व्यवस्था नरहेको उक्त पीडीए सम्झौताको म्याद फेरि एक वर्ष गैरकानुनी रुपको नांगो नाच नाच्दै थप गरी २०७५ असोज ३ गतेसम्म पुऱ्याइयो ।

दुई पटक म्याद थप भए पनि लगानी जुटाउन नसकी अलपत्र र रद्दीको टोकरीमा गइसकेको अर्थात् मरिसकेको सम्झौतालाई ब्युँताएर २०७६ असोज ३ गतेसम्मका लागि फेरि लगानी जुटाउन थप एक वर्ष समय दिने तयारी भइरहेको जानकारी हुन आएको छ । राष्ट्रवादको नाममा दुईतिहाई मत प्राप्त केपी ओली सरकार किन जीएमआरसँग लम्पसार परिरहेको छ ? यो गम्भीर प्रश्न छ । यस प्रकारको राष्ट्रघाती कार्यको हामी घोर आपत्ति र भर्त्सना गर्न चाहन्छौं । करिब तीन रुपैयाँ प्रतियुनिट उत्पादन हुन सक्ने रन अफ रिभर परियोजनाको लागत करिब ७० अर्ब मात्र हुन्छ भने जीएमआरले २७ प्रतिशत फ्रि इक्विटी सेयर दिने नाममा दोब्बर एक खर्ब ३९ अर्ब बनाएको थियो भने हाल आएर आयोजनाको लागत पुनः २५ अर्ब थप गरेर कुल लागत एक खर्ब ६४ अर्ब पुऱ्याइसकेको छ । यसबाट प्रस्ट हुन्छ कि जीएमआर नदी ओगट्ने र कृत्रिम लागत प्रस्ताव गरी महँगो मूल्यमा बेच्दै भाग्ने ठग हो भन्ने कुराको पुष्टि माथिल्लो मर्स्याङ्दी २ ले गरिसकेको छ ।

पटक पटक वित्तीय व्यवस्थापनको म्याद थप्दा समेत लगानी जुटाउन नसकी अलपत्र परेको वित्तीय रुपमा टाट पल्टेको अवस्थामा रहेको जीएमआर कम्पनीले माथिल्लो कर्णालीका लागि लगानी जुटाउन नसक्ने र दातृ निकायहरुले समेत उसलाई नपत्याएको अवस्थामा जीएमआर परियोजना ओगटेर राख्ने र अन्त्यमा अनुमति पत्र बेचेर बीचैमा नाफा कुम्लयाएर भाग्ने दाउमा रहेको छ । स्मरण गराउन चाहन्छौं कि ६ सय मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी २ परियोजनाको समेत अनुमति पत्र फुत्काएर बसेको जीएमआर कम्पनीले उक्त परियोजनाको अनुमति पत्र हङकङमा मुख्यालय रहेको चिनियाँ कम्पनी 'सिचुवान इन्भेस्टमेन्ट ग्रुप' लाई तीन अर्ब रुपैयाँमा बेचेको र नेपाल राष्ट्र बैंकले समेत जीएमआरलाई उक्त रकम नेपाल बाहिर लैजान अनुमति समेत दिइसकेको अवस्थाले के बुझिन्छ भने माथिल्लो कर्णाली जलविद्युत परियोजनाको पनि अर्बौं रुपैयाँमा अनुमति पत्र बेचेर भाग्ने दाउमा जीएमआर कम्पनी रहेको प्रस्ट हुन्छ । तसर्थ माथिल्लो कर्णालीबाट अर्बौं कुम्लयाएर भाग्न तयार जीएमआर म्याद थपमा लागेको बुझिन्छ । तसर्थ माथिल्लो कर्णाली जलविद्युत परियोजनाको म्याद थप होइन, अब ढिला नगरी तत्काल जीएमआरसँग गरिएको राष्ट्रघाती परियोजना विकास सम्झौता (पीडीए) खारेज गर्न हामी नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

आजको देशको आवश्यकता र मुलुकको समग्र विकासका लागि मुख्य र महत्वपूर्ण ऊर्जाशक्ति नै भएको हुँदा छिटोभन्दा छिटो देशलाई माथिल्लो कर्णाली जस्तो चार पाँच हजार मेगावाटको जलाशययुक्त परियोजना बनाउनुको विकल्प छैन । माथिल्लो कर्णाली पीपीसीपी (पब्लिक प्राइभेट कोअपरेटिभ पार्टनरसिप) मोडेलमा पूर्ण क्षमता ४१८० मेगावाटको जलाशययुक्त परियोजना निर्माणमा ढिलाइ गर्न नहुने र यसका लागि माथिल्लो कर्णाली जस्तो उपयुक्त अरु नरहेकाले माथिल्लो कर्णालीलाई देश हितमा निर्माण गर्न देशको सरकार र सम्पूर्ण नेपालीहरुको दायित्व र कर्तव्य बन्न आउँछ ।

यो परियोजनामा आम नेपाली जनताको हिस्सेदारी सुनिश्चित गराएर नै जनताको जीवनस्तर माथि उठाउन सकिन्छ । त्यसैले विभिन्न देशबाट ठूलो मात्रामा आउने धनराशि (रेमिट्यान्स) अनुत्पादक ठाउँमा गइरहेको छ । विदेशमा कडा मिहिनेत गरेर नेपाल भित्रिने करिब आठ अर्ब पुँजीको सानो केही हिस्सा र देशभित्र छरिएर रहेको साना साना पुँजी एकीकृत गरेर यस्तै बहुआयामिक अत्यधिक धेरै मुनाफा हुने उत्पादनशील आयोजनामा लगाउन सके मात्र देशको समृद्धि र जनताको जीवनस्तरमा परिवर्तन आउन सक्छ । देशलाई आत्मनिर्भर र स्वाधीन बनाउने माध्यम पनि योभन्दा अर्को हुन सक्दैन । यस्ता परियोजनाका लागि देशभित्र कति पैसा संकलन हुन सक्छ भन्ने एउटा मात्र उदाहरण जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडले २०७२ मंसिरमा दुई अर्बका लागि नागरिक सेयर माग गरेकोमा ४५ अर्ब रुपैयाँ बैंकमा जम्मा हुन आएकोबाट प्रस्ट हुन्छ । लगानी रिटर्नको ग्यारेन्टी हुन्छ भने देशभित्रैबाट यस्तै दुई चारवटै जलाशययुक्त परियोजना निर्माणका लागि पैसा संकलनमा कुनै कठिनाइ छैन भन्ने कुरा बुझिन्छ । सम्बन्धित विज्ञहरुको माथिल्लो कर्णाली ४१८० मेगावाटको जलाशययुक्त परियोजनाको लागि लाग्ने करिब तीन खर्ब रुपैयाँ देशभित्रैबाट सहजै संकलन गर्न सकिन्छ भन्ने निष्कर्षलाई भरपर्दो तथ्यको रुपमा लिन सकिन्छ ।